# भूमिअधिकार

वर्ष १०, पूर्णाङ्क २६, असोज २०६८



- के छ भूमि आयोगका प्रतिवेदनमा ?
- हामीले चाहेको सङ्गठन
- सङ्गठनभित्रको आचार-व्यवहार



## आफ्नै अभियानमा देखिएको उत्साह

१८


के छन् भर्खरै सरकारले सार्वजनिक गरेका भूमि आयोगका प्रतिवेदनमा ? ३
सङ्गठनभित्रको आचार-व्यवहार ११
गरिब र किसानका नेता राजीव दीक्षित १२
भूमिको उचित उपयोग नगरेसम्म प्रगति हुन्न १४
हलिया पुनर्स्थापनाबारे छलफल २२
भूमि अधिकार अन्तरक्रिया २२
शान्ति र संविधानका लागि महिला दबाव अभियान २३
मोही समस्याबारे क्षेत्रीय छलफल २३
गुठीबारे प्रशिक्षण २४
लेखा व्यवस्थापन तालिम २४
सुर्खेतमा प्रशिक्षण २४
भीमदत्त पन्त स्मृति दिवश २५
परिषद् र सम्मेलन २५
यात्रा २६
भूमिमाथि श्रमिक र महिलाको पहुँच बढाऊ २७
भोकमरीको जालो २८
हामीले बनाउन खोजेको सङ्गठन र सामाजिक आन्दोलन ३०
पाठकको पातो ३२


## गर्नैपर्ने काम



१५


# भूमिअधिकार

वर्ष १०, पूर्णाङ्क २६, २०६८ असोज (October 2011)

सम्पादन : आत्मनिर्भर सेवा केन्द्र

डिजाइन : महेश्वर फुयाल

प्रकाशक:

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र



पो.ब.नं : १९७९०, धापासी, काठमाडौं, नेपाल
फोन : ९७७-०१-४३६०४८६, ४३५७००५
फ्याक्स : ४३५७०३३
E-mail: landrights@csrcnepal.org
Website :www.csrcnepal.org

# सार्वजनिक गर्‍यौ, अब कार्यान्वयन गर




भूमि अधिकारबाट वञ्चितले आन्दोलन गर्ने, त्यसलाई थामथुम पार्न सरकारले आयोग गठन गर्ने, अनि केही लाख रूपियाँ सिध्याउने र प्रतिवेदन बुझाउने तथा सरकारले त्यसलाई दराजमा थन्काएपछि एउटा नाटक समाप्त हुने चलन नेपालमा लामै समयदेखि चल्दै आएको हो ।

अति भएपछि जब भूमिअधिकारबाट वञ्चितले गएको चैत १ देखि ८ गतेसम्म राजधानीको खुलामञ्चमा धर्ना दिएर सरकारलाई प्रतिवेदन सार्वजनिक गर्छु भन्ने अवस्थामा पुर्‍याए, उसले बाध्य भएर प्रतिवेदन सार्वजनिक गर्नैपर्‍यो । फलस्वरूप माओवादी अध्यक्ष पुष्पकमल दाहाल र एमाले नेता माधवकुमार नेपाल नेतृत्वको सरकारले बनाएको आयोगका प्रतिवेदन सार्वजनिक भएका छन् ।


प्रतिवेदनहरू बन्ने तर कस्ता बने भनेर नागरिकले नै थाहा नपाउने अवस्थाबीच यसरी सार्वजनिक गरिनु निश्चय पनि राम्रो कुरा हो । जसबाट कम्तिमा पनि भूमिअधिकारबाट वञ्चितले आफ्नाबारेमा दिइएका सुझाव तथा आफ्ना समस्यालाई विज्ञले कसरी लिएछन् भन्नेबारे थाहा पाउने छन् । अनि यसैका आधारमा छलफल चलाई राम्रा/नराम्रा पक्ष उजागर गर्ने अवसर पनि सिर्जना हुनेछ ।

**भूमि आयोगको प्रतिवेदन कार्यान्वयन भएमा मात्र वर्षौंदेखि जुन जमिनमा पसिना बगायो, त्यही जमिनको स्वामित्वबाट वञ्चित हुनुपर्ने पीडा खुसीमा बदलिनेछ ।**

हरिबोल गजुरेल र घनेन्द्र बस्नेत नेतृत्वका दुई आयोगले दिएका प्रतिवेदन केही हदसम्म फरक भए पनि धेरै अर्थमा समान छन् । समस्या बुझ्ने र समाधान सुझाउने सवालमा यी दुईले दिएका सुझावमा त्यति भिन्नता छैन । गन्तव्य पुग्ने मार्गमा केही भिन्नता अवश्य छ, तर करिब करिब गन्तव्य भने उस्तै छ । यस अर्थमा यी दुई प्रतिवेदनले दिएका सुझाव अध्ययन गरी यसलाई अझ व्यावहारिक र भूमिहीन एवम् किसानको पक्षमा हुनेगरी निष्कर्ष निकाल्न सकिने अवस्था छ ।



त्यसैले अहिलेको आवश्यकता अब सार्वजनिक गरिएका प्रतिवेदन कार्यान्वयन गर्नु हो । अध्ययनहरूलाई थप अध्ययन गरी निष्कर्षमा पुग्नुपर्ने भए तत्काल त्यस्तो प्रक्रिया सुरू गरिहाल्नुपर्छ । अनि प्राप्त निचोडका आधारमा यसलाई कार्यान्वयन तहमा लैजानुपर्छ । यसो हुन सकेमात्र वर्षौंदेखि जुन जमिनमा पसिना बगायो, त्यही जमिनको स्वामित्वबाट वञ्चित हुनुपर्ने पीडा खुसीमा बदलिनेछ । अनि शासन व्यवस्थाले, जमिनदारले, कानुनले, षडयन्त्रले र अज्ञानताले खोसेको हक पनि पुनर्स्थापित हुनेछ ।



अर्कोतर्फ यस्तो अवस्थाले लोककल्याणकारी हुनुपर्ने तथा सामाजिक न्याय प्रदायक हुनुपर्ने राज्य पनि आफ्नो कर्तव्य पालनामा सरिक भएको ठहर्नेछ । दर्जनौं पटकका लोकतान्त्रिक आन्दोलनमा भएका गरिब किसानका सहभागितालाई पनि यसले मान्यता दिएको ठहर्नेछ । सँगै राज्य वा सरकार टाठाबाठाका लागिमात्र नभई गरिब र भूमिहीनका लागि पनि हो भन्ने मान्यता पनि स्थापित गर्नेछ । ■

# के छन् भर्खरै सरकारले सार्वजनिक गरेका भूमि आयोगका प्रतिवेदनमा ?

भूमि सुधार नेपालका लागि नयाँ विषय हैन। सत्तामा रहेका हुन वा प्रतिपक्षमा, सबै दल र नेताले भूमि सुधार सबैभन्दा बढी उच्चारण गर्ने शब्दमध्ये पर्दै आएको छ। यो सत्तामा पुग्ने भऱ्याङ हुँदै आएको छ भने उक्लिसकेपछि 'खोलो तऱ्यो, लौरो बिर्स्यो' उखानमा परिणत हुने गरेको छ। यही कारण सबैको मौखिक प्राथमिकतामा परे पनि कार्यान्वयनचाहिँ ओझेलमा पर्ने विषयका रुपमा भूमि समस्या चिनिँदै आएको छ। असमान भूमि वितरणका कारण सिर्जित यो समस्याले मुलुकका प्रत्येक घरमा असर पारेको छ तर हरेक घरसँग, व्यक्तिसँग जोडिएको यही समस्या जहिले पनि पछाडि पारिँदै आएको छ।

**सरकारले दुवै आयोगका प्रतिवेदन एकैसाथ सार्वजनिक गरेर राम्रो गरेको छ। अब कार्यान्वयन गरेर जनताको विश्वास जित्नु जरुरी छ।**

यस्तो अवस्थाबीच पनि बाध्यात्मक स्थितिमै परेर किन नहोस्, सरकारहरुले उच्चस्तरीय नाम दिएर भूमि आयोग गठन गर्ने चलन भने छ। त्यस्ता आयोगका लागि लाखौं रुपियाँ खर्चिइन्छ पनि। तर जनताको करबाट तयार भएका प्रतिवेदन भने सरोकारवालाले कहिल्यै पनि थाहा पाउने गरेका छैनन्। यस्तै अवस्थाबीच सरकारले भर्खरै दुई वटा आयोगका प्रतिवेदन भने सार्वजनिक गरेको छ। लुकाइएका अवस्थामा प्रतिवेदन राख्ने परम्परा भएको मुलुकमा यो एकप्रकारले राम्रै पक्ष पनि हो।

हुन त यी प्रतिवेदन पनि सरकारले सहजै सार्वजनिक गरेको भने हैन। भूमि अधिकारबाट वञ्चितहरुले २०६७ चैत १ देखि ८ गतेसम्म राजधानीको खुलामञ्चमा धर्ना दिएवापतको एउटा उपलब्धिका रुपमा यसलाई लिनुपर्छ। करिब १ हजार महिला सम्मिलित उक्त आन्दोलनका क्रममा विभिन्न माग पूरा गर्ने आश्वासन दिँदै तत्कालीन उपप्रधान मन्त्री कृष्णबहादुर महराले यी प्रतिवेदन सार्वजनिक गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेका थिए। त्यसैको नतिजास्वरुप ढिलै भए पनि प्रतिवेदन बाहिर आएको छ। कार्यान्वयनको प्रतिबद्धता पनि आएको छ। जे होस्, प्रतिवेदनले दिएका सुझावमाथि छलफल, बहस हुने र यसलाई लागु गराउने दिसामा दबाव सिर्जना गर्न सक्ने बाटो अब खुलेको छ।

२०६५ सालमा बनेको माओवादी नेतृत्वको सरकारले गठन गरेको उच्चस्तरीय भूमि सुधार आयोग र त्यसपछिको एमाले नेतृत्वको सरकारले गठन गरेको अर्को आयोगको प्रतिवेदन सरकारले असोज ९ गते काठमाडौंमा सार्वजनिक गरेको हो। यी आयोगको नेतृत्व क्रमशः हरिबोल गजुरेल र घनेन्द्र बस्नेतले गरेका थिए। बस्नेत आयोगले तोकिएकै समयमा प्रतिवेदन पेश गरेको थियो भने गजुरेल आयोग सम्बन्धमा अदालतमा मुद्दासमेत परेकाले प्रतिवेदन बुझाउने क्रममै ढिलाई भएको थियो। सरकारले दुवै आयोगका प्रतिवेदन एकैसाथ सार्वजनिक गरेर राम्रो गरेको छ।

यसको सबैभन्दा राम्रो पक्ष सार्वजनिक गर्ने कार्यक्रममा प्रधान मन्त्री र भूमि सुधार मन्त्रीले यी प्रतिवेदनका सुझावलाई कार्यान्वयनमा लैजाने बताउनु हो। उनीहरुले चरण चरण गरेर यसलाई लागु गर्ने जानकारी दिएका छन्। यो राम्रो पक्ष हो तर सरकारकै स्थायित्व नभइरहेका बेला उनीहरुको वाचा तार्किक निष्कर्षमा पुग्नेमा भने शङ्का गर्ने प्रशस्त आधार छ। तर पनि केही र तत्काल सम्भव हुने काम सुरु गरिहालियो भने



यो सरकारलाई शङ्काले हेर्नेहरुलाई मुखबुझो लाग्ने पनि निश्चित छ। त्यसैले जनताले बहुप्रतीक्षा गरिरहेका, भूमि अधिकारबाट वञ्चितहरुले धेरै आशा सङ्गालेका र नयाँ नेपाल निर्माणको प्रमुख आधारमध्ये ठानिएको भूमि समस्या समाधानका लागि प्रतिवेदनहरु कस्ता बनेका रहेछन् भन्ने थाहा पाउनु महत्वपूर्ण कुरा हो। यो जनताको नैसर्गिक अधिकार पनि हो। सरकारले भर्खरै सार्वजनिक गरेका बेला प्रतिवेदनले समेटेका मुख्य सुझावबारे जानकारी दिने उद्देश्यले यी दुई आयोगमा के छ भन्ने यहाँ उल्लेख छ। यी दुई आयोगका प्रतिवेदनले भूमिसँग जोडिएका विभिन्न समस्यालाई कसरी लिएका छन् वा ती समस्या समाधानका लागि कस्ता उपाय सुझाएका छन् भन्ने थाहा पाउन मद्दत गर्छ।

## घनेन्द्र बस्नेत आयोगको प्रतिवेदनले दिएका सुझाव

### भूमिको असमतामूलक वितरण

विविधतापूर्ण भौगोलिक बनावट, माटोको उर्वर क्षमता, कृषि पूर्वाधार विकास, मूल्याङ्कन, भूउपयोग र परिवारको उत्पादन क्षमताको सीमिततासमेतलाई प्रमुख आधार मानी घरघडेरी वा आवास प्रयोजनका लागि र खेतीयोग्य कृषि भूमिका लागि छुट्टाछुट्टै हदबन्दी व्यवस्था लागु गर्नुपर्छ।

घरघडेरी वा आवास प्रयोजनका लागि देशभरिमा गरी प्रतिपरिवार अधिकतम् ६ रोपनी वा ९ कट्ठा वा ३,०५२.४० वर्ग मिटर नबढाई मात्र जग्गा राख्न पाउने व्यवस्था गर्नुपर्छ। घरघडेरी वा आवास प्रयोजनका लागि ३ आना वा ५ धुर वा ९५.४० वर्गमिटर र कृषि प्रयोजनका लागि ५ कठ्ठा वा १६९३ वर्गमिटर क्षेत्रफलभन्दा कम हुने गरी कित्ताकाँट गर्न र बिक्री-वितरण वा हक हस्तान्तरण गर्न नपाइने हुनुपर्छ।

यसैगरी कृषि भूमिका लागि प्रतिपरिवारले काठमाडौं उपत्यकाका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्रमा भए १० रोपनी वा नगरपालिकाबाहेकको काठमाडौं उपत्यका क्षेत्रमा भए २० रोपनी वा काठमाडौं उपत्यकाबाहेक अन्य जिल्ला सदरमुकाम, नगरपालिका क्षेत्र, र शहरोन्मुख क्षेत्रमा भए २० रोपनी वा सदरमुकाम, नगरपालिका र शहरोन्मुखबाहेकका तराई तथा भित्री मधेस क्षेत्रमा भए ४ विगाह वा काठमाडौं, ललितपुर र भक्तपुरका ग्रामीण क्षेत्र र अन्य जिल्लाका मध्य पहाडी क्षेत्रमा भए ५५ रोपनी वा हिमाली क्षेत्रमा भए ७० रोपनीसम्म राख्न पाउने अधिकतम हदबन्दीको सीमा तोक्नु पर्दछ।

**कानुनीरुपमा मोहियानी हक सुरक्षित नगरी भूमिसम्बन्धी ऐन २०२१ (चौथो संशोधन) मा द्वैध स्वामित्व अन्त्य गरियो । यस्तो व्यवस्थाले बहुसङ्ख्यक मोही किसान मोहीयानी हकबाट वञ्चित हुन पुगे ।**



### क्षतिपूर्ति

२०५८ सालमा तोकिएको हदबन्दीभन्दा माथिको जग्गामा कुनै क्षतिपूर्ति नदिने व्यवस्था गर्नुपर्छ। २०५८ सालमा तोकिएको हदबन्दी र यस आयोगले प्रस्ताव गरेको हदबन्दीबीचको जग्गामा राज्यले कानुन बनाई तोकेअनुसारको रकम प्रस्तावित हदबन्दीको सीमाभन्दा बढी १ हेक्टरसम्मको जग्गाको क्षतिपूर्तिको रकम एकमुष्ठ नगदमा दिने र १ हेक्टरभन्दा बढीको भए क्षतिपूर्तिबापत, सरकारी वण्ड, राष्ट्रिय वा सरकारी क्षेत्रका विभिन्न उद्योग, प्रतिष्ठान, कलकारखानाको आंशिक सेयरका रुपमा दिने व्यवस्था गर्नुपर्छ।

### मोहियानी हक र दोहोरो स्वामित्व

कानुनीरुपमा मोहियानी हक सुरक्षित नगरी 'भूमिसम्बन्धी ऐन २०२१' (चौथो संशोधन) मा द्वैध स्वामित्व अन्त्य गरियो। यस्तो व्यवस्थाले बहुसङ्ख्यक मोही किसान मोहीयानी हकबाट वञ्चित हुन पुगे। त्यसैले २०५३ सालअगाडिदेखि जग्गा जोत्दै आएका जोताहा किसानलाई २०५३ सालपछि बिनाकारण बेदखली गरिएको भए यस्ता जोताहा किसानलाई समेत छानबिन गरी मोहियानी हक कायम गरी सोबापत आधाआधा जग्गा बाँडफाँट गर्नुपर्दछ।

### सुकुम्बासी

सुकुम्बासीहरू आधारभूत मानवीय आवश्यकताबाट वञ्चित छन्। उनीहरूको सुरक्षित आवास र जीविकाको सुरक्षा गर्नु राज्यको मूल दायित्व हो।

त्यसैले सुकुम्बासीले बसोबास गर्दै आएको स्थान, नागरिकता लिएको जिल्ला, भोग गरेको क्षेत्रफल, पेशा, आम्दानी र आर्थिक अवस्थाका आधारमा वास्तविक सुकुम्बासी पहिचान गरी यकिन लगत तयार गर्ने र पहिचान गरिएका वास्तविक सुकुम्बासीलाई

आधिकारिक परिचयपत्र वितरण गर्नुपर्दछ ।

यसरी परिचयपत्र प्राप्त सुकुम्बासीलाई वातावरणीय दृष्टिकोणले उपयुक्त भएसम्म बसिआएकै स्थानमा जग्गा उपलब्ध गराउने । यदि त्यसरी बसोबासको व्यवस्था गर्न नसकिने भएमा अन्य उपयुक्त र रोजगारी पाउन सहज हुने स्थानमा उल्लिखित क्षेत्रमा आवासको लागि तोकिएको न्युनतम इकाईमा नघटाई उपलब्ध गराइनुपर्दछ ।

## भूमिहीन किसान र कृषि श्रमिक

जीवन निर्वाहका लागि खेतीमा परिश्रम गर्ने तर आफ्नो स्वामित्वमा जग्गा नभएका परिवारको स्वामित्वमा जग्गा उपलब्ध हुँदा जमिनको सही सदुपयोग हुन सक्छ । यसबाट भूमिहीन किसान समुदायको जीविका सुरक्षित हुने, सामाजिक मर्यादा र प्रतिष्ठा अभिवृद्धि हुने, गरिबी घट्ने र कृषि उत्पादनका लागि सक्रिय श्रमशक्ति परिचालन भई उत्पादन वृद्धिमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

कृषि श्रमिक औपचारिक क्षेत्रमा नआउँदा बेरोजगारी, शिक्षाको अभाव, सीमित जग्गाजमिन वा भूमिहीनता आदिका कारणले अनौपचारिक क्षेत्रमा आवधिक र दैनिक गरी करिव २५ लाख श्रमिक छन् । ती श्रमिक न्युन ज्यालामा काम गर्न बाध्य छन् । अनौपचारिक क्षेत्रका लागि न्युनतम ज्याला तोकिए तापनि आवश्यक अनुगमन र कार्यान्वयन गर्ने निकायको अभावमा प्रभावकारीरुपमा लागु भएको छैन

**घरघडेरी वा आवास प्रयोजनका लागि देशभरिमा गरी प्रतिपरिवार अधिकतम् ६ रोपनी वा ९ कठ्ठा वा ३,०५२.४० वर्ग मिटर नबढाई मात्र जग्गा राख्न पाउने व्यवस्था गर्नुपर्छ ।**

यस्तो अवस्थामा कृषि श्रमिकहरुलाई स्थायी र अस्थायी प्रकृतिमा वर्गीकरण गरी परिचयपत्रको व्यवस्था गरी स्थानीय निकायमा दर्ता गर्ने व्यवस्था गर्ने र बेदर्तावाल कृषि श्रमिकहरुलाई काममा लगाउन नपाउने व्यवस्था गर्नुपर्छ । त्यसपछि ग्रामीण क्षेत्रमा खेती किसानी कार्यमा संलग्न भूमिहीन किसानलाई बसोबास र खेती दुवैलाई हुने गरी जग्गा उपलब्ध गराउनुपर्छ ।

## गुठी

गुठी जग्गाको प्रशासन तथा व्यवस्थापन प्रभावकारी हुन नसक्दा जग्गा रहेको स्थान, त्यसको क्षेत्रफल र अवस्था जानकारी हुन कठिन भई गुठी जग्गा र सम्पदाको प्रभावकारी व्यवस्थापन हुन सकेको छैन । त्यसैले गुठी जग्गाको सदुपयोग गरी उचित व्यवस्थापनको काम गुठी संस्थानले गर्न सम्भव नभएको देखिँदा गुठी संस्थान कायम राखिराख्नु उपयुक्त छैन । गुठी सम्पदाको महत्वअनुसार राष्ट्रिय, प्रान्तीय र स्थानीय/समुदायस्तरमा वर्गीकरण गरी राष्ट्रिय महत्वको सम्पदा केन्द्रीयस्तरबाट, प्रान्तीय सम्पदा प्रान्तीयस्तरबाट र स्थानीय/समुदायस्तरका सम्पदा स्थानीय/समुदायस्तरको समिति (ट्रष्ट) बनाई सञ्चालन, व्यवस्थापन र संरक्षण गर्नुपर्छ ।

त्यसपछि गुठी जग्गासम्बन्धी व्यवस्था खारेज गरी सबै प्रकारका गुठी मोही/किसानले प्रयोग गरिरहेका जग्गा उनीहरूकै नाममा परिणत गर्ने र बाँकी जग्गा हदभित्र रहे व्यक्ति र बाँकी सम्बन्धित धार्मिक तथा सामाजिक ट्रष्टको नाममा रैकर कायम गर्नुपर्छ ।

## भूमिमा महिला स्वामित्व

विद्यमान लैङ्गिक असमानताका कारण भूमिमा महिला स्वामित्व अति न्युन छ । यसले सामाजिक विभेद, घरेलु हिंसा, खाद्य असुरक्षा, श्रमको उचित मूल्याङ्कन नहुने आदि समस्या सृजना गरेको छ । तसर्थ संविधानमा महिलालाई लैङ्गिक विभेदबिना समान वंशीय हक हुने व्यवस्थाअनुरूप कानुन बनाई व्यावहारिकरुपमा कार्यान्वयन गर्नुपर्छ ।



## भूमिमा दलितको स्वामित्व

आधुनीकरणसँग दलितहरूले गर्दै आएको पेशा सङ्कटमा परेको छ। यही कारण उनीहरुको जीवन निर्वाह कठिन भएको छ। त्यसैले राज्यले भूमिहीन, सुकुम्बासी र आर्थिकरुपले कमजोर दलित समुदायलाई उच्च प्राथमिकता दिई जग्गा उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ।

## भूमिमा आदिबासी जनजातिको स्वामित्व

आदिबासी जनजातिहरूको भूमिस्रोतमा पहुँच



घट्दो छ। भूमिमा आदिबासी जनजातिको अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था हुन आवश्यक छ। यसका लागि राज्यले भूमिहीन, सुकुम्बासी र आर्थिकरुपले कमजोर आदिबासी जनजातिलाई उच्च प्राथमिकता दिई जग्गा उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ।

## भूसम्बन्धमा आधारित शोषणकारी प्रथाहरू

नेपालमा विभिन्न स्वरुपमा अमानवीय र शोषणयुक्त श्रमप्रथा विद्यमान छ। हरूवा-चरुवा, गोठाला, हली, बालीघरे, डोली,

# के फरक छ सवाल हेर्ने दृष्टिकोणमा ?

भूमिसम्बन्धी सवाललाई विभिन्न कोणबाट व्याख्या र विश्लेषण गर्ने गरिएको छ। सरकारले भर्खरै सार्वजनिक गरेको दुई भूमि प्रतिवेदनले पनि भूमिका मुख्य विषयमा आफ्नैखाले धारणा पेश गरेका छन्। उनीहरुले समस्यालाई हेर्ने कतिपय दृष्टिकोणमा पनि फरकपना पाइएको छ। उनीहरुका यिनै दृष्टिकोणलाई केही मुख्य सवालसँग जोडेर हेर्ने प्रयत्न यसमा गरिएको छ।

## भूमि के हो ?

हरिबोल गजुरेल अध्यक्ष रहेको उच्चस्तरीय भूमि सुधार आयोगले भूमिलाई मुख्य उत्पादनको साधन भनेको छ। अन्य देशमा कृषि उत्पादनमा गुणात्मक प्रगति हुँदा नेपालमा जमिनको असमान वितरण र श्रमको घट्दो उत्पादनशीलताका कारण कृषि उत्पादनमा दिन/प्रतिदिन ह्रास आइरहेको यो आयोगले बताएको छ।

त्यसैगरी घनेन्द्र बस्नेत अध्यक्ष रहेको वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोगले चाहिँ भूमिलाई उत्पादनकै साधन मान्दै नेपालको गरिबी, पछौटेपन, सामाजिक संरचनामा अन्तर्निहित शोषण र द्वन्द्व, खाद्यान्नको अभाव तथा अल्प विकसितताका प्रमुख कारण भूमि नै ठानेको छ। अर्थात् भूमिको वितरण न्यायिक हुन नसक्नु र भूमि तथा कृषिमा व्यापक सुधार नहुनुले यस्ता समस्या निम्त्याएको भनाई यो आयोगको छ।

## भूमि सुधार के हो ?

गजुरेल आयोगले उत्पादनको मुख्य साधनका रुपमा रहेको जमिन मुख्य उत्पादक शक्तिका रुपमा रहेका किसानको हातमा पुर्‍याउन आवश्यक ठानेको छ। र, यसका लागि वैज्ञानिक भूमि सुधारलाई माध्यम बनाउनुपर्ने धारणा राखेको छ। सामन्तवाद अन्त्य गरी पुँजीवादी आर्थिक आधार खडा गर्ने प्रमुख आधार भनेको क्रान्तिकारी भूमि सुधारको अन्तर्वस्तुसहितको वैज्ञानिक भूमि सुधारमात्र हो भन्नेमा यसले जोड दिएको छ।

त्यसैगरी बस्नेत आयोगको प्रतिवेदनले भने भूमिसम्बन्धी जटिल समस्याको निराकरण, सामन्ती भूस्वामित्वको अन्त्य र आर्थिक सामाजिक रूपान्तरण उपयुक्त भूमि सुधारको कार्यान्वयनबाट मात्र सम्भव हुने दाबी गरेको छ। लोकतन्त्र प्राप्तिपछि जनताको अभिमत उपयुक्त भूमि सुधारको सफल कार्यान्वयन हुनुपर्नेमा रहेकाले भूमि सुधारको मुद्दा मुलुकसामु पुनः देखापरेको बताउँदै यसले भूमि सुधार अहिले आमजनताको सरोकारको विषय बन्न पुगेको पनि उल्लेख गरेको छ।

## भूस्वामित्व किन ?

गजुरेल आयोगले आमूल परिवर्तनका लागि भूमिहीन किसानलाई अग्राधिकार दिनुपर्ने बताएको छ। भूस्वामित्वको सवालमा अग्राधिकार तथा क्षतिपूर्तिको विषयमा स्पष्ट हुनु जरुरी छ भन्दै यो आयोगले सुझाएको छ- सदियौंदेखि उत्पीडनमा परेका महिला, दलित, आदिबासी-जनजाति, मधेसी र मुस्लिमलाई अहिलेकै असमानताको स्थितिमा प्रतिस्पर्धा गराउँदा न्यायपूर्ण र वास्तविक प्रतिस्पर्धा हुन सक्दैन। त्यसैले एकपटक उत्पादनका सबै क्षेत्रमा पहुँच पुर्‍याएर उनीहरुलाई प्रतिस्पर्धा गर्न सक्ने स्तरसम्म पुर्‍याउनुपर्छ। जमिनमाथि जोत्नेको पूरै स्वामित्व हुनुपर्ने वैज्ञानिक मान्यताअनुरुप प्रचलित मोही व्यवस्थालाई खारेज गर्नुपूर्व मोही किसानलाई उसको हिस्सा प्रदान गर्नुपर्छ।

बस्नेत आयोगले भने मुलुकमा द्वन्द्व रूपान्तरणको प्रक्रिया अघि बढाउने हो भने भूस्वामित्व कायम गर्नैपर्ने सुझाएको छ। भूमिको मानवीय सम्बन्ध आर्थिक मात्र होइन, यो सामाजिक, सांस्कृतिक र राजनीतिक पनि भएको हुँदा भूमि सुधारले यी समग्र पक्षलाई सम्बोधन गर्नुपर्छ र यसका लागि भूमिहीनलाई भूस्वामित्व प्रदान गर्नुपर्ने यो प्रतिवेदनले जनाएको छ। यस्तो अवस्थाको अभावमा शान्ति प्रक्रिया नै धरापमा पर्ने खतरा पनि यसले औंल्याएको छ।

कमलरीलगायत्का प्रथा असमान भूमि व्यवस्थाकै उपज हुन् । त्यसैले यस्ता अन्यायपूर्ण भूसम्बन्धका कारण मर्यादित जीवन जीउने अधिकारबाट वञ्चित सबै परिवारको लगत तयार गर्ने र उनीहरुले जोतिरहेको जग्गामा मोहियानी कायम गराउनुपर्छ । आर्थिक तथा सामाजिक अवस्थामा रुपान्तरणका लागि कार्यक्रम पनि लागु गर्नुपर्छ ।

यसबाहेक सम्पूर्ण जग्गाको भूउपयोग नक्साङ्कनसमेतका आधारमा नयाँ र वैज्ञानिक नापी गरी नयाँ र शुद्ध लगत तयार पार्ने, सम्पूर्ण नागरिकका लागि आधारभूत आवश्यकताका रुपमा सुरक्षित आवासको परिपूर्ति गर्न नेपालको संविधानमा निर्दिष्ट गरिएबमोजिम उपयुक्त व्यवस्था र वातावरण सिर्जना गर्ने, भूउपयोग निर्धारणका आधारमा चक्लाबन्दी नीति बनाई लागु गर्ने, हदबन्दीभित्रको खेतीयोग्य कृषि जग्गा बाँझो राख्न नपाउने अनिवार्य व्यवस्था गर्ने, भूमिको अधिकतम् सदुपयोग र व्यवस्थापन गर्न 'राष्ट्रिय भूमि उपयोग नीति' तर्जुमा गरी कार्यान्वयन गर्ने, वन क्षेत्रको भूउपयोग नीतिमा आधारित भई नयाँ सीमाङ्कन गर्ने, चुरे क्षेत्रको वातावरण र पर्यावरणलाई दिगोरुपमा संरक्षण गर्न समग्र चुरे क्षेत्रको नक्साङ्कन गरी वातावरण अनुकूल हुनेगरी बसोबास, कृषि उद्योग, उपयुक्त खेती र वन, जङगल क्षेत्र छुट्याई उपयोगमा ल्याउने, सरकारी वा सार्वजनिक जग्गाको अतिक्रमण रोक्ने, विदेशी बहुराष्ट्रिय कम्पनीले नेपाली भूमिको स्वामित्व नपाउने तथा कृषि उत्पादनको क्षेत्रमा लगानी गर्ने विषयमा पूर्णरुपमा बन्देज गर्ने व्यवस्था गर्नुपर्छ ।

## हदबन्दी कति ?

गजुरेल आयोगले एउटा परिवारको स्वामित्वमा एकभन्दा बढी किसिमको जमिन भएमा सम्बन्धित परिवारको छनोटअनुसार प्रतिशतका आधारमा हदबन्दी लागु गर्नुपर्ने सुझाव दिएको छ । प्रत्येक संयुक्त परिवारका लागि एकल परिवारको भन्दा थप एक तिहाई र प्रत्येक बृहत् परिवारका लागि एकल परिवारभन्दा थप दुई तिहाई जमिन राख्न पाउने व्यवस्था गरिने पनि यसले जनाएको छ ।

उता बस्नेत आयोगले भने एकीकृत जग्गा विवरण पुस्तिकामा उल्लेख नभएको कित्ता र हदबन्दीभन्दा बढी भएको जग्गा सम्बन्धित मालपोत, नापी र भूमि सुधार कार्यालयले बेचबिखन, हक हस्तान्तरण गर्न रोक्का राखी त्यस्तो जग्गा प्राप्ति र वितरणका लागि आवश्यक प्रक्रिया तत्काल अगाडि बढाउने सुझाव दिएको छ ।

## क्षतिपूर्ति

गजुरेल आयोगले हदबन्दीभन्दा माथिको जमिन अधिग्रहण गर्दा आमरुपमा क्षतिपूर्ति दिन आवश्यक नभएको जनाएको छ । सामन्त जमिनदारले किसानको जमिनमाथि आधिपत्य जमाएका हुनाले किसानले उनीहरुबाट क्षतिपूर्ति पाउनु न्यायसङ्गत हुन्छ भन्दै यो प्रतिवेदनले जमिन आर्जन गर्न जसको कुनै लगानी भएको छैन, उसलाई क्षतिपूर्ति दिनु नपर्ने उल्लेख गरेको छ ।

बस्नेत आयोगले भने २०५८ सालमा तोकिएको हदबन्दीभन्दा माथिको जग्गामा कुनै क्षतिपूर्ति नदिने व्यवस्था गने बताएको छ । त्यसैगरी २०५८ सालमा तोकिएको हदबन्दी र यस आयोगले प्रस्ताव गरेको हदबन्दीबीचको जग्गामा राज्यले कानुन बनाई तोकेअनुसारको रकम प्रस्तावित हदबन्दीको सीमाभन्दा बढी १ हेक्टरसम्मको जग्गाको क्षतिपूर्तिको रकम एकमुष्ठ नगदमा दिने र १ हेक्टरभन्दा बढीको भए क्षतिपूर्तिबापत सरकारी वण्ड, राष्ट्रिय वा सरकारी क्षेत्रका विभिन्न उद्योग, प्रतिष्ठान र कलकारखानाको आंशिक सेयरका रुपमा दिने व्यवस्था गर्ने पनि यसले सुझाएको छ ।

## मोही समस्या

गजुरेल आयोगले जोत्नेको जमिनमाथि स्वामित्व पूरै हुनुपर्ने वैज्ञानिक मान्यता हुँदाहुँदै पनि प्रचलनमा आइसकेको मोही व्यवस्थालाई खारेज गर्नुपूर्व मोही किसानलाई उसको हिस्सा प्रदान गर्नुपर्ने सुझाएको छ । दर्ता नभएका तर वास्तविक मोही दर्ता गराउनुपर्ने पनि यसले बताएको छ ।

बस्नेत आयोगले मोही समस्या सम्बन्धमा भनेको छ- दर्तावाला मोहीले कमाइआएको जग्गामा आधा जग्गाको स्वामित्व पाउने व्यवस्था गर्ने । २०५३ सालअगाडिदेखि जग्गा जोत्दै आएका सबै जोताहा किसानलाई र २०५३ सालपछि बिनाकारण बेदखली गरिएको भए सो समेतलाई हक दिलाउन भनेको छ ।

## गुठी

गजुरेल आयोगका अनुसार गुठी संस्थान विघटन गरी बहुस्वामित्व अन्त्य गर्नुपर्छ । हाल कमाइरहेको मोहीलाई आधा, दर्तावाल अनुपस्थित मोही भए एक चौथाई र गुठीलाई एक चौथाई हिस्सा प्रदान गर्नुपर्छ ।

बस्नेत आयोगका अनुसार भने गुठी जग्गासम्बन्धी व्यवस्था खारेज गरी सबै प्रकारका गुठी मोही/किसानले प्रयोग गरिरहेका जग्गा उनीहरूकै नाममा परिणत गर्नुपर्छ । बाँकी जग्गा हदभित्र रहे व्यक्ति र बाँकी सम्बन्धित धार्मिक तथा सामाजिक ट्रष्टको नाममा रैकर कायम गर्नुपर्छ ।

## सुकुम्बासी

गजुरेल आयोगका अनुसार सुकुम्बासीलाई बसिरहेकै ठाउँमा वा सो ठाउँ अनुपयुक्त भए अन्यत्र उपयुक्त ठाउँमा भूउपयोगको नीतिअनुसार बसोबासको व्यवस्था मिलाउनुपर्छ ।

यसैगरी बस्नेतले आयोगले भने सुकुम्बासीलाई सम्भव भएसम्म बस्ती विकास हुनेगरी निश्चित ठाउँमा बसोबास गराउने र त्यहाँ शिक्षा, स्वास्थ्य, खानेपानी रोजगारीका अवसर तथा आधारभूत प्राविधिक सीपमूलक तालिम व्यवस्था गर्नुपर्ने सुझाव दिएको छ । ■

# यस्तो छ हरिबोल आयोगको सुझाव

## भू-स्वामित्वको सवाल

भूमि प्रकृति प्रदत्त उत्पादनको साधन हो । समाजवादले उच्चता हासिल नगरेसम्म भूमि पूर्णतः जनताको सामूहिक स्वामित्वमा आउन सक्दैन । भूमि सुधारको अन्तरवस्तु सामन्तवादको सबै स्वरुप र सम्बन्धहरुको अन्त्य गरी व्यावसायिक खेतीको माध्यमबाट राष्ट्रिय पुँजी सिर्जना गरी देशलाई औद्योगिकीकरण गर्नु हो । जबसम्म किसानहरुको अस्तित्व रहन्छ, सामन्तवादी उत्पादन सम्बन्ध कानूनतः नरहे पनि व्यवहारतः रहन्छ ।

उन्नत उत्पादनका साधन (औजार, मल, बीउ, प्रविधि र विधि) को प्रयोगद्वारा मात्र उत्पादक शक्तिको विकास र उत्पादकत्व वृद्धि गर्न सकिन्छ, त्यसैले उत्पादन सम्बन्ध (सम्पत्ति सम्बन्ध) बदल्न जरुरी छैन भन्ने धारणा कतिपय वृत्तमा पाइन्छ । किसानमाथिको शोषणलाई न्यायोचित मान्नेहरु यस्तो धारणा राख्छन् । यो पुरानो सामन्ती उत्पादन सम्बन्धलाई बदल्न नचाहने यथास्थितिवादी चिन्तन हो । त्यसैले उत्पादन वृद्धि गर्न सामन्ती उत्पादन सम्बन्धको अन्त्य प्राथमिक र अनिवार्य हुन्छ ।

सबै प्रकारका अनुपस्थित जमिनदारीको अन्त्य नगरी भूमिमाथिको द्वैध स्वामित्व अन्त्य गर्न सकिन्न । त्यसैले द्वैध स्वामित्वलाई टेवा दिने सबै प्रकारका भूमि सम्बन्ध बदल्न जरुरी छ। खेती गर्नेले मात्र कृषि भूमि राख्न पाउने व्यवस्था हुनुपर्दछ ।

## भूमिहीन किसान र अग्राधिकार

आफ्नो स्वामित्वमा एक टुक्रा पनि जमिन नभएका करिब २ लाख १७ हजार र सानो टुक्रा जमिन वा घर-घडेरीमात्र भएका भएका करिब ८ लाख ३ हजार परिवार छन् तर उनीहरुको पेशा कृषिबाहेक अरु केही छैन । उनीहरुको श्रम र दक्षता कृषि क्षेत्रमै उपयोगी हुने भएकाले जमिन वितरण गर्दा उनीहरुलाई प्राथमिकताका साथ खेती गर्ने जमिन उपलब्ध गराउनुपर्छ । बेदखल मोही तथा कृषि श्रमिकले जमिनमाथि आफ्नो हक प्राप्त गर्ने क्रममा पनि भूमिहीनता केही हदसम्म स्वतः अन्त्य हुन्छ ।

**आफ्नो स्वामित्वमा एक टुक्रा पनि जमिन नभएका करिब २ लाख १७ हजार र सानो टुक्रा जमिन वा घर-घडेरीमात्र भएका भएका करिब ८ लाख ३ हजार परिवार छन् तर उनीहरुको पेशा कृषिबाहेक अरु केही छैन ।**



## महिला अधिकार

सर्वप्रथम महिलालाई दोस्रो दर्जाको नागरिक बनाउने सबै प्रकारका परम्परा, रीतिरिवाज, मान्यता र प्रचलनको अन्त्य हुनुपर्छ । सबै प्रकारका सामाजिक सम्बन्धको आधार सम्पत्ति सम्बन्ध नै हो । उत्पादनका साधनमाथि जसको स्वामित्व हुन्छ, वितरणमा पनि उसको हालीमुहाली हुन्छ । सबै प्रकारका राजनीतिक र सांस्कृतिक अधिकारको निर्धारण उत्पादनका साधनमाथिको हैकमद्वारा हुन्छ । पितृसत्तात्मक समाजमा सम्पत्तिको हस्तान्तरण बाबुको रक्त सम्बन्धमा आधारित भएपछि पुरुषको सत्ता कायम भयो र महिला सत्ताच्युत भए ।

त्यसैले महिलालाई उत्पादनका साधन (सम्पत्ति) माथि समान अधिकार प्रदान गर्नुका साथै समाजका सबै क्षेत्रमा स्थापित नहुँदासम्म कृषि क्षेत्रमा विशेष सहुलियत, अधिकार र छुट प्रदान गर्नुपर्छ । जमिनमाथि उनीहरुको अधिकार प्राथमिकतासहित सुनिश्चित गरिनुका साथै जमिनको स्वामित्व, मोहियानी हक र भूमि वितरणमा अग्राधिकार प्रदान गरिनुपर्छ ।

## दलित अधिकार

पशुभन्दा अपहेलित जीवन बिताइरहेका जनसङ्ख्याको उल्लेख्य हिस्सा ओगटेका ऐतिहासिक सर्वहाराको सम्मानित विरासत बोकेका दलित भूमिको स्वामित्वबाट मूलरुपमा वञ्चित छन् । दलितले जमिन राख्न नपाउने व्यवस्था गरी उनीहरुको भूमिमाथिको अधिकार खोसियो । त्यसैले जमिन पुनर्वितरण गर्दा उनीहरुलाई अग्रस्थानमा राखिनुपर्छ ।

## आदिवासी-जनजातिको अधिकार

सुरुमा भूमिमा आदिवासी जनजातिको सामूहिक स्वामित्व रहेकोमा पृथ्वीनारायण शाहको राज्य विस्तार अभियानको क्रममा उनीहरुको भू-स्वामित्व खोसिएको थियो । जहानिया राणा शासनकालमा पटक-पटक आदिबासीको भूमि आफ्ना भाइ-भारदार र आसेपासेलाई बिर्ता, गुठी, रकम, जागिर आदिका रुपमा वितरण गरेका थिए । यसरी आदिबासी-जनजातिको भूमि खोसिएको थियो ।

अहिले राणाशासन र राजतन्त्र अन्त्य भएकाले उनीहरुको गुमेको अधिकार फिर्ता गर्नु आवश्यक छ । त्यसैले आदिबासी जनजातिको गुमेको अधिकार स्थापित गरेर उनीहरुलाई क्षतिपूर्तिको सिद्धान्तअनुरुप विशेष व्यवस्था गरिनुपर्छ । कृषि र कृषिजन्य उद्योगमा अन्यसँग प्रतिस्पर्धा गर्न विशेष सहुलियत

दिनुपर्छ। जमिनको स्वामित्व, मोहियानी हक र भूमि वितरणमा विशेष व्यवस्था गरिनुपर्छ।

## घुमन्ते/अल्पसङ्ख्यक जातिको अधिकार

नेपालमा अहिले पनि राउटे जाति कृषि र पशुपालनबाट अलग शिकारी युगमै छन्। यो जातिको विकास त्यस क्षेत्रबाट अलग गरेर गर्नै सकिन्न। उनीहरुलाई त्यही क्षेत्रमा कृषि र पशुपालनसँग जोड्नुपर्दछ। उनीहरुलाई सामूहिक स्वामित्वमा जमिन उपलब्ध गराउनुपर्छ।

## हदबन्दी

स्वामित्व एउटाको हातमा र जोत अर्कोको हातमा रहेको वर्तमान स्थिति अन्त्य नगरेसम्म भूमि सुधारको कुनै अर्थ छैन। जसको जमिनमा स्वामित्व छ, ऊ कृषिमा संलग्न छैन। जसको जमिनमा स्वामित्व छैन ऊ कृषिमा संलग्न छ। यसले गर्दा जमिनको व्यवस्थापन, सुधार र विकासमा कसैको ठोस दायित्व नहुँदा कृषि विकास अवरुद्ध भइरहेको छ। यसका लागि जुन परिवारले आफ्नै श्रम र पुँजी लगानी गरेर खेती गर्न सक्छ, त्यति जमिनमात्र उसको स्वमित्वमा हुनुपर्छ।

किसानलाई न्याय दिलाउन ठूला स्वामित्वबाट भूमिहीन तथा गरिब किसानको हातमा जमिन स्थानान्तरण गर्नुपर्छ। जमिनमा अधिकतम हदबन्दी तोकेर अत्याधिक जमिन ओगट्ने र बाँझो राख्ने वा स्वयम् आफूले खेती नगर्ने प्रचलनको अन्त्य गर्दै वास्तविक जोताहा किसानलाई जमिनको स्वामित्व दिलाएर उत्साहित र ऊर्जाशील बनाउनुपर्छ।

**भूमिहीन तथा गरिब किसानको हातमा जमिन स्थानान्तरण गर्नुपर्छ । जमिनमा अधिकतम हदबन्दी तोकेर अत्याधिक जमिन ओगट्ने र बाँझो राख्ने वा स्वयम् आफूले खेती नगर्ने प्रचलनको अन्त्य गर्दै वास्तविक जोताहा किसानलाई जमिनको स्वामित्व दिलाएर उत्साहित र ऊर्जाशील बनाउनुपर्छ ।**

हदबन्दीभन्दा माथि कुनै पनि अवस्थामा जमिन राख्न पाइने छैन। हदबन्दीभन्दा माथिको जमिन छोड्दा हदबन्दीभित्रको जमिन सम्बन्धित परिवारले रोजेर लिन पाउनेछ। लुकाइएको जमिन सर्जमिनको आधारमा राज्यले अधिग्रहण गर्नेछ। हदबन्दीभन्दा माथिको जमिन अधिग्रहण गर्दा आमरुपमा क्षतिपूर्ति दिन आवश्यक देखिँदैन।

## मोहीसम्बन्धी व्यवस्था

अरुको स्वामित्वमा रहेको जमिन जोतेर त्यसवापत उत्पादनको केही हिस्सा लिने (मोही) प्रथा नेपालमा प्राचीनकालदेखि नै चलेको पाइन्छ। तर उक्त जमिनमा अधिकार र स्वामित्व भने कहिल्यै पनि हुँदैनथ्यो। जोत्नेको जमिनमाथि स्वामित्व पुरै हुनुपर्ने वैज्ञानिक मान्यता हुँदाहुँदै पनि प्रचलनमा आइसकेको सोही व्यवस्थालाई खारेज गर्नुपूर्व मोही किसानलाई उसको हिस्सा प्रदान गर्नुको विकल्प छैन।

## गुठीसम्बन्धी व्यवस्था

किसानले आवाद गरेको जमिन सामन्ती वर्गले आफ्नो आयु लम्ब्याउने र लाभ प्राप्त गर्ने साधनको रुपमा प्रयोग गरे। गुठीका नाममा रहेको जमिन मठ-मन्दिर र सङ्घ-संस्थाको नाममा राखियो। र, किसानलाई जमिनको स्वामित्वबाट विमुख बनाएर गुठीलाई मालिक बनाइयो। हिन्दु धर्मलाई अन्य धर्ममाथि हावी बनाउन मुलुकमा प्रायः हिन्दु मन्दिरका नाममा गुठी सञ्चालन गरियो। त्यसैले गुठीमा रहेको प्रत्यक्षः दोहोरो र अप्रत्यक्ष तेहोरो स्वामित्व र उपभोग देखिने गुठी जग्गामा बहुस्वामित्वको अन्त्य गर्नु जरुरी छ।

हाल कमाइरहेका मोहीलाई आधा, दर्तावाल अनुपस्थित मोही भए उसलाई एक चौथाई



र गुठीलाई एक चौथाई हिस्सा प्रदान गर्नुपर्छ । गुठीको स्वामित्वमा रहेको जमिन बिक्री गरी त्यसलाई भूमि ब्याङ्कको सेयरमा परिणत गरेर सेयरमाथिको सम्पूर्ण हक राज्यमा रहने गरी लाभांश मात्र गुठीले प्रयोग गर्न पाउनेछ । उक्त जमिन बिक्री गर्दा मोहीलाई अग्राधिकार हुनेछ ।

## भूस्वामित्वसम्बन्धी अन्य व्यवस्था

उखडा जमिन जसले उपभोग गरिरहेको छ, उसको नाममा दर्ता गरिदिनुपर्छ । बिर्ताका रुपमा रहेको जमिनमा मोही भएमा सो जमिन मोहीको नाममा दर्ता गर्ने । बिर्तावालको नाममा रैकरको रुपमा रहेको तर दर्ता बेदर्ता मोही भएको अवस्थामा मोहीसम्बन्धी व्यवस्थामा उल्लेख भएअनुसार हुनेछ । त्यसैगरी ऐलानीका हकमा लामो समय ऐलानी जग्गामा किसानले पसिना बगाएको हुनाले यसमा किसानहरुको अधिकार कायम गरिनुपर्छ । उनीहरु वास्तविक सुकुम्बासी र भूमिहीन हो भन्ने कुराको निक्यौल गरी भू-स्वामित्व प्रदान गरिनुपर्दछ ।

उक्त जमिन पर्यावरण र सामाजिक दृष्टिकोणले व्यक्तिको नाममा दर्ता उपयुक्त नहुने स्थितिमा उनीहरुलाई वैकल्पिक व्यवस्था गरी त्यसलाई सार्वजनिक जमिन कायम गर्नुपर्छ । तर निजी जमिन हुनेले ओगटेको सार्वजनिक जग्गा वा सामन्त, जाली-फटाहाले सत्ताको प्रयोग गरेर किर्ते नापी गरी चर्चेको सार्वजनिक जमिन राज्यले फिर्ता लिनुपर्दछ । बिक्री गरिसकेको भएक्षतिपूर्ति लिनुपर्दछ ।

## अन्य व्यवस्था

बसोबासका निम्ति एकपटक सबै परिवारलाई जमिन वा बासको व्यवस्था गर्नुपर्छ । वास्तविक सुकुम्बासीको पहिचान गरी उनीहरुलाई बसिरहेकै ठाउँमा वा सो अनुपयुक्त भए अन्यत्र उपयुक्त ठाउँमा भूउपयोगको नीतिअनुसार बसोबासको व्यवस्था गर्नुपर्छ ।

## कृषि श्रमिक

नेपालमा अहिले कृषि श्रमिकको सङ्ख्या पूर्णकालीन र अल्पकालीन गरी १० लाखभन्दा बढी छ । कृषि श्रमिकहरु कमैया, हलिया, हरुवा-चरुवा, गोठाला, कमलरी आदिका रुपमा छन् । करिब ३ लाखको सङ्ख्यामा मुख्यत: पश्चिम पहाडी भूभागमा रहेका हलिया अधिकांश दलित छन् । यस्तो अवस्थामा कमैयालाई अन्यत्र लगेर राख्नुको सट्टा सम्बन्धित जग्गामा नै उनीहरुको अधिकारको हिस्सा पाउने व्यवस्था गर्नुपर्छ । हलिया, कमलरी, हरुवा, चरुवा, गोठालाको सन्दर्भमा निरन्तर ५ वर्षभन्दा बढीको जमिनमा अंशियार बराबरको हक दिलाई उनीहरुलाई मुक्त गर्नुपर्छ ।

कृषि मजदुरलाई ८ घण्टाभन्दा बढी काम लगाउन पाइने छैन । मजदुरले स्वेच्छामा बढी काम गर्न चाहेमा ओभरटाइम पारिश्रमिक दिने व्यवस्था गर्नुपर्छ । कृषि मजदुरकका छोराछोरीलाई शिक्षामा विशेष छात्रवृत्तिको व्यवस्था गर्नुपर्छ ।

## भू-उपयोग

भू-उपयोगका दुईटा पक्ष छन्- सम्पूर्ण जमिनको उपयोग र कृषियोग्य जमिनको उपयोग । सम्पूर्ण जमिनको उपयोगको सवाल सामाजिक उत्पादनका सबै क्षेत्रसँग सम्बन्धित हुन्छ । कृषि भूमिको उपयोग कसरी गर्ने भन्ने कुरा कृषि उत्पादनसँग सम्बन्धित छ । भूमिको वर्गीकरण गर्दा कृषि भूमिले प्राथमिकता पाउनुपर्छ कि पर्दैन भन्ने विषय बहसमा आइसकेको छ ।

सर्वप्रथम समग्र जमिनको वर्गीकरण गर्नुपर्दछ । जुन भूमि जेका लागि प्रयोग गर्न उपयुक्त हुन्छ, सोहीअनुसार व्यवस्था गर्नुपर्दछ । कृषियोग्य जमिनको वैज्ञानिक र योजनाबद्ध प्रयोगलाई केन्द्रविन्दुमा राखेर जमिनको प्रयोग गर्नुपर्दछ । यसका लागि जमिनको अवस्थिति, प्रकृति, बनौट, भौतिक परिवेशलाई ध्यान दिनुपर्दछ । जोनिङ सिस्टम प्रयोग गर्नुपर्दछ । माटो, हावापानी, बजार, यातायात, विद्युत् र उद्योगलाई ध्यानमा राख्नुपर्दछ । ■



कुनै एक जिल्ला भूमिअधिकार मञ्चका अध्यक्षले आफ्नो विरोधमा कुरा गर्ने जिल्ला सदस्यलाई एक बैठकमा नआउनासाथ हटाएर अर्को राख्ने गर्नुभएको रहेछ । दुई महिनाअघिको छलफलमा विधानअनुसार हुनुपर्ने भनेपछि उहाँले म विधान मान्दिन भन्नुभयो । विधान नै नमान्ने जिल्ला अध्यक्ष भएपछि सङ्गठनमा समस्या आयो कि आएन ?

०६५ साल माघतिरको कुरो हो, हरिवनबाट काठमाडौं आउने क्रममा हरिवनकै एक स्थानीयसँग परियो । चिनजान भयो । आफ्ना काम बताइयो । उहाँले वागमती काटेपछि बायाँतर्फको एउटा हराभरा किसान बस्ती देखाउनुभयो । त्यस्तै ३ किमि मोटर गुडेको हुँदो हो । सुकुम्बासी बस्ती आयो । जुन बस्ती निकै सुख्खा थियो । घर वरिपरिको जमिनमा केही रोपिएको थिएन । उहाँले म भूमि अधिकारकर्मी भएकोतर्फ थोरै व्यङ्ग्य गर्दै भूमि अधिकारको कुरा मात्र नगरेर भएको जमिनको सदुपयोग पनि महत्वपूर्ण हुने औंल्याउनुभयो ।

पूर्वको एउटा गाउँ भूमि अधिकार मञ्चको बैठकमा सदस्यहरु बोल्न खोजिरहनुभएको थियो । एक जना अगुवा भने अरुलाई बोल्न नै नदिई आफूमात्र ठूलोठूलो स्वरमा कराइरहनुभयो । अलि सानो स्वरमा बोल्दा राम्रो होला कि भन्दा उहाँ सानो स्वरमा बोल्न नसक्ने भन्दै झन् चर्किनुभयो ।

एउटा संस्थाका जिम्मेवार व्यक्ति हुनुहुन्छ । २, ३ महिनाको बीचमा भेट हुन्छ । उहाँ बसेको कार्यक्रममा छिनछिनमा मोबाइलको चर्को घण्टी बज्छ । नबज्ने मोडमा उहाँ कहिल्यै राख्नुहुन्न । र गम्भीर छलफल कहिल्यै हुन सक्दैन ।



# सङ्गठनभित्रको आचार-व्यवहार

**हरेक सदस्यले अनुशासन, एकता, साहस, कडा मेहनत र सङ्घर्षलाई जीवनको हरेक पाइलामा अपनाउनु आवश्यक छ । घर परिवारमा कसरी सुख, हाँसो र समृद्धि स्थापित गर्ने भन्नेमा सदैव चिन्तन राख्नुपर्छ ।**

यी केही उदाहरणमात्र हुन । जुन हाम्रा आचार-विचारसँग पनि गाँसिएका छन् । यस्ता कैंयन् राम्रा र नराम्रा स्थिति हामी सबैले भोगेका छौं र कतिमा आफैं सामेल पनि । आफैंमात्र बोल्ने, जता पायो उतै मोबाइलमा कुरा गर्ने, भनेको समयमा कहिल्यै नपुग्ने, अनुमानका भरमा बोल्ने, घरबाट मिस कल लिएर अफिसबाट फोन गर्ने अनेकन विषय मानिसको प्रवृत्ति र आचरणसँग जोडिएको छ । यिनै मानिसको सङ्गठन हुने भएकाले यस्ता व्यवहारले स्वत सङ्गठनमा पनि प्रभाव पार्छ ।

राष्ट्रिय भूमि अधिकार मञ्चको फैलावटसँगै सङ्गठनको व्यवस्थापन र परिचालन पनि चुनौतीपूर्ण बन्दै गइरहेको छ । भूमिमा आफैं श्रम गर्ने तर भूमि अधिकारबिहीन सुकुम्बासी, भूमिहीन, जोताहा, कृषि श्रमिक र साना किसान सङ्गठित मञ्चको ३४ जिल्ला भूमि अधिकार मञ्च, ८ जिल्ला तदर्थ समिति र ८ जिल्ला सम्पर्क समिति छ । ५० जिल्लामा फैलिएको मञ्चको गाउँ सङ्गठनमात्र २०७२ पुगेको छ । यी सबै सङ्गठनलाई मञ्चको लक्ष्य र मूल्य, मान्यताअनुरुप हिँडाउन हरेक सदस्य निश्चित आचारसंहिताभित्र रहनै पर्छ । लक्ष्यप्रति निरन्तर कटिबद्ध, मूल्य, मान्यतामा अडिग र संहिताले बाँधिएपछि मात्रै हामी सङ्गठनको ठीक गति पक्डन सक्छौं । लक्ष्य भेट्टाउन सक्छौं । अनुशासनको घेराले नै मानिसलाई जिन्दगीको एउटा सही आकार दिन्छ र उपयोगी बाटो देखाउँछ ।

आचारसंहिता सङ्गठनका प्रत्येक सदस्यको आचरणसँग सम्बन्धित सवाल हो । सङ्गठनको छवि निर्माण र स्वयम् व्यक्ति एवम् परिवारको उन्नतिका लागि सदस्यको व्यवहार र आचरण महत्वपूर्ण हुन्छ । असल सङ्गठनको पहिचान असल कार्यकर्ताले दिन्छन् । सङ्गठनको लक्ष्य, उद्देश्य र कार्यक्रम जतिसुकै राम्रो भए पनि त्यसका सदस्य असल भएनन् भने जतिसुकै राम्रो लक्ष्य पनि प्राप्त गर्न सकिँदैन । सचेत, अनुशासित, प्रतिबद्ध र इमानदार सदस्य भूमि अधिकार आन्दोलन सफलताको आधार हो । सबै सदस्यले कम्तिमा यी विषय पालना गर्न सके हामी सङ्गठनलाई नयाँ उचाईमा लैजान सक्छौं ।

हरेक सदस्यले अनुशासन, एकता, साहस, कडा मेहनत र सङ्घर्षलाई जीवनको हरेक पाइलामा अपनाउनु आवश्यक छ । घर परिवारमा कसरी सुख, हाँसो र समृद्धि स्थापित गर्ने भन्नेमा सदैव चिन्तन राख्नुपर्छ । गरिब घरपरिवारको घर सुरक्षित हुँदैन तर भएकालाई पनि बलबुताले केही न केही सफा र सुरक्षित बनाउन नसकिने हुँदैन । मेहनतले सक्दो सुरक्षित घर तयार पार्ने, मर्मत गर्ने र त्यसलाई सफा राख्नै पर्छ । सुरक्षित आवासको माग गरिरहँदा भएको झुप्रोलाई सफा राख्ने काम पनि सँगै गर्न सकिन्छ ।

भूमि अधिकारबाट वञ्चितको पनि केहीलाई छाडेर कानुनी स्वामित्व नभए पनि केही न केही जमिन पक्कै छ । घर वरपरका जग्गा बाँझो नराख्ने, तरकारी लगाउने र त्यसको उपयोग गर्न सकिने काम हो । आम्दानीको स्रोत थोरै हुने भएकाले अनावश्यक खर्च गर्नुहुँदैन । स्वास्थ्यलाई ख्याल गर्न सकिन्छ । यसका लागि सरल शौचालय बनाउन र त्यसको उपयोग गर्न सकिन्छ । खानेपानी उमालेर र आर्सेनिक कम गर्न फिल्टर गरेर खान सकिन्छ । यसो गर्न खासै महंगो हुँदैन । बरु यसो नगर्दा हुने उपचार खर्च निकै बढी छ ।

आफ्नो बच्चालाई जुनसुकै मूल्यमा पनि अठोटका साथ पढाउनुपर्छ । जसबाट ती परिवार सदस्य आफैं केही कमाउन सक्ने स्थितिमा पुग्छन् । घर वरिपरिको वातावरण सफा बनाउन सकिन्छ । बच्चालाई सफा राख्न सकिन्छ ।

अन्याय सहदैंनौ । शोषण गर्न दिने छैनौं र गर्ने पनि छैनौं । झुटो बोल्दैनौं । दोहोरी/दाइजो लिने दिने छैनौं । बाल विवाह गर्ने छैनौं भनेर अठोट लिन सक्नुपर्छ । भूमि अधिकारको आन्दोलन लडिरहँदा सामूहिकरुपमा सहकारी बनाएर विभिन्न उद्यम गरेर उत्पादन बढाउने कार्य गर्न सकिन्छ ।

सङ्गठनमा रहेका सदस्य र परिवारबीच एकापसमा सहयोगी व्यवहार जरुरी हुन्छ । कोही कसैलाई कठिन परेमा सबै मिलेर सघाउनुपर्छ । सदस्यले अरुको समस्या तमासे बनेर हेर्नुहुँदैन । बोल्नुपर्छ । नबोली अरुले आफ्नो कुरा बुझ्दैन । तर आफ्नो कुरा शिष्ट ढङ्गबाट राख्न सक्छौं । अरुलाई पनि बोल्ने पालो दिन सक्छौं ।

एउटा सङ्गठनको सदस्यले हरेक सामाजिक गतिविधिमा सक्रियपूर्वक भाग लिनुपर्छ । जाति, भाषा, वर्ग, लिङ्ग, क्षेत्रको आधारमा भेदभाव नगरी सबैलाई सम्मान गर्नुपर्छ । समस्या आउँदा सोको एक्लै सामना गर्न नलागी समस्यालाई सामूहिकीकरण गरी समाधानका उपाय पहिल्याउनुपर्छ ।

सङ्गठनको नीति नियम पालना गर्नैपर्छ । हरेक काममा समयको पूर्ण पालना हुन आवश्यक छ । आन्दोलन र सङ्गठनको कामलाई दलीयकरण गर्नै हुँदैन । ■

# गरिब र किसानका नेता राजीव दीक्षित



एउटा युवक, जसले देशको मुक्तिका लागि लड्ने वाचा गर्दै आफू जीवनभर ब्रह्मचर्य बस्ने अर्थात् विवाह नगर्ने निधो गऱ्यो । विवाहपछि बन्धनहरुमा बाँधिने र आफ्नो अभियानमा अवरोध आइलाग्ने सोचका साथ उनले यस्तो निर्णय गरेका थिए । भारतीय प्रखर युवा देशभक्त राजीव दीक्षित विश्वभर चर्चित रहे ।

पेशाले इलेक्ट्रिकल इन्जिनियर तथा वैज्ञानिक राजीवले फ्रान्समा वैज्ञानिकका रुपमा काम गरेका थिए । उनले भारतीय पूर्व राष्ट्रपति एपीजे अब्दुल कलामसँग पनि काम गरेका थिए । कलाम पनि वैज्ञानिक नै हुन । यसरी काम गर्ने क्रममै उनले भारतीय संस्कृति, किसान र गरिब तथा पछाडि पारिएका जनताका लागि काम गर्ने वाचा गरे ।

राजीव गान्धीवादी थिए । गान्धीवादी हुनुको मतलव शान्तिपूर्णतवरले काम सम्पन्न गर्नु र हिंसामा विश्वास नगर्नु हो । उनले शान्तिपूर्ण अभियानबाट नै भारतको मुहार फेर्न सकिने बताउँदै आएका थिए । प्रखर वक्ता राजीवले स्वदेशी उत्पादन वृद्धि गर्न र त्यस्ता उत्पादन प्रयोग गर्न सचेतना फैलाउँदै आएका थिए । बहुराष्ट्रिय कम्पनीका उत्पादन प्रयोग नगर्न र स्वदेशी उत्पादन अपनाउन आग्रह गर्दै आएका उनले यसबाट मात्र गरिब र किसानको उन्नति हुने दाबीसमेत गर्दै आएका थिए ।

आफ्नै मुलुकमा उद्योगहरु खोल्नुपर्ने, कृषिलाई आधुनिकीकरण गर्नुपर्ने, विदेशी उत्पादनलाई निरुत्साहित गर्नुपर्ने र स्वेदशी सामानको मात्रै छुट्टै डिपार्टमेन्टल स्टोरहरु खोल्नुपर्ने माग उनले राख्दै आएका थिए । उनले पेप्सीकोला र कोकाकोलाको सट्टा भारतमै उत्पादन हुने उखुको जुस प्रवर्द्धन गर्नुपर्ने तथा विदेशीले कम्पनीले बनाउने अचारको सट्टा आफ्नै देशका किसानले बनाउने आँपको अचारलाई प्राथमिकता दिनुपर्ने जस्ता अभियानसमेत सञ्चालन गरेका थिए ।

भारतमै उत्पादन हुने कतिपय सामग्रीका लागि सरकारले बहुराष्ट्रिय कम्पनीलाई अनुमति दिएको र यसबाट भारतीय पैसा विदेश पुगेकोबारे उनले विरोध गर्दै आएका थिए । भारतमै उत्पादन हुने सामग्री भारतीयलाई उत्पादन गर्न लगाई उनीहरुको जीवनस्तर उकास्न सकिने धारणा राजीवको थियो । उनले यसैका लागि सरकारलाई दबाब दिन गाउँगाउँमा प्रवचन दिँदै सर्वसाधारणलाई सचेत पार्दै आएका थिए ।

**जब राजीवलाई डक्टरले औषधी खान भने, उनले मानेनन् । विदेशी औषधी नखाने अडान लिए । योगस्वामी रामदेवले अनुरोध गर्दा पनि उनले औषधी लिन मानेनन् ।**

**भारतका धेरै टेलिभिजन च्यानलले उनको निधनलाई खासै प्राथमिकता दिएनन् । बहुराष्ट्रिय कम्पनीको विरोधमा अभियान नै थालेका राजीवको निधन खबरले त्यस्ता सञ्चार माध्यममा स्थान नपाउनुमा यस्ता कम्पनीको प्रभाव ती माध्यममा रहनु प्रमुख कारण थियो ।**

**उनले दर्जनौं किताव लेखेका छन् । जसमा बहुराष्ट्रिय कम्पनियों का मकडजाल, अष्टाङ्ग हृदयम (स्वदेशी चिकित्सा), हिस्ट्री आँफ द एमेन्सिस, भारत और युरोपिय संस्कृति, स्वेदेशी : एक नयाँ दर्शन, हिन्दुस्तान लिबर के कारनामे आदि प्रसिद्ध छन् ।**

भारतबाट विदेशिने पैसा भारतकै गरिबहरुको उद्दारमा लगाउनुपर्ने र यसका लागि नीति नै बनाउनुपर्ने भनाई पनि उनको थियो ।

उत्तर प्रदेशको नाह गाउँमा जन्मेका राजीव पढ्दापढ्दै र काम गर्दागर्दै बहुराष्ट्रिय कम्पनीको लुटबाट बचाई भारतलाई मुक्त गराउने वाचाका साथ समाजसेवाको क्षेत्रमा होमिएका थिए । भगत सिंह, उधम सिंह, चन्द्रशेखर जस्ता महान् क्रान्तिकारीका जीवनचर्याबाट प्रभावित राजीव महात्मा गान्धीबाट बढी नै प्रभावित थिए ।

पछिल्लो २० वर्षमा राजीवले अङ्ग्रेज भारतमा किन आए, उनीहरुले किन भारतीयलाई दास बनाए, उनीहरुले कसरी भारतको शिक्षा, संस्कृति, उद्योग नष्ट गरे भन्ने विषयमा जनतालाई जानकारी दिने काम गरे । यी सबैका आधारमा उनी भन्ने गर्थे कि हामी अब फेरि दास बन्न सक्दैनौं । र, यसका लागि उनीहरुको पञ्जाबाट मुक्त हुनुपर्छ । जसका लागि स्वदेशी उत्पादन अपनाउने र स्वदेशी बन्नुको विकल्प छैन ।

यसबीचमा उनले करिब १५ हजार व्याख्यान दिए । जसमा उनले भारतमा रहेका ५ हजारभन्दा बढी विदेशी कम्पनीले भारतीयलाई व्यापारका नाममा लुटिरहेको जानकारी दिएका थिए । उनले कुन स्वदेशी कम्पनी हो र कुन विदेशी कम्पनी भन्ने सूचीसमेत तयार गरी जनतालाई स्वदेशी कम्पनीका उत्पादन तथा सेवामात्र अपनाउन तथा प्रयोग गर्न सुझाव दिँदै आएका थिए ।

**भारतमै बनेको कपडामात्र लगाउने, भारतीय उत्पादनमात्र प्रयोग गर्ने र सबै चिज भारतीयमात्रै रुचाउने राजीव विदेशी उत्पादन कोकोकोला, पेप्सीसमेत पिउँदैनथे ।**

पछिल्लो १० वर्षमा उनले योगस्वामी रामदेवसँग सम्बन्धित रहेर काम गरे । पछिल्लो समय रामदेवद्वारा स्थापित भारत स्वाभिमान ट्रष्टको उनी राष्ट्रिय महासचिव तथा प्रवक्ता थिए ।


राजीव दीक्षित गरिब र किसानका नेता यसप्रकार थिए कि स्वदेशी उत्पादन र यसको प्रयोग सोझै किसानसँग सम्बन्धित छ । उनले आधुनिक कृषि प्रविधिको पक्षमा वकालत गर्दै यसले मात्र कृषकको जीवनस्तरमा सुधार ल्याउन सकिने दाबी गरेका थिए । त्यसैगरी उनले भारतमा किसानको अत्याधिक शोषण भइरहेकाले त्यो रोकिनुपर्ने धारणा पनि राख्दै आएका थिए । किसानमाथि भएका अत्याचारकै कारण उनीहरु आत्महत्या जस्तो अन्तिम उपाय रोज्न बाध्य भएको दाबी पनि राजीवको थियो ।

राजीव महासचिव तथा प्रवक्ता रहेका भारत स्वाभिमान ट्रष्ट स्वस्थ, समर्थ तथा संस्कारवान भारत निर्माणका लागि गठित एउटा संस्था हो । जसको उद्देश्यमा भ्रष्टाचार, गरिबी, भोक, अपराध र शोषणमुक्त भारत निर्माण रहेको छ । गैरराजनीतिक यो संस्था देशभर गाउँगाउँ पुगेर यसैबारे जागरण फैलाउन लागिपरेको थियो ।

भारतमै बनेको कपडामात्र लगाउने, भारतीय उत्पादनमात्र प्रयोग गर्ने र सबै चिज भारतीयमात्रै रुचाउने राजीव विदेशी उत्पादन कोकोकोला, पेप्सीसमेत पिउँदैनथे । उनले यस्ता पेय पदार्थ प्रयोग नगर्न अभियानै सञ्चालन गरेका थिए । यस्तो अभियानका क्रममा उनले कैयौं पटक सुरक्षाकर्मीको निर्घात कुटाइसमेत खानुपरेको थियो । यही कारण उनलाई बहुराष्ट्रिय कम्पनीवाला र विदेशी खासगरी अङ्ग्रेजहरुले देखिसहँदैनथे ।

यस्ता गरिब र किसानका आस्थाका पुञ्ज दीक्षितको निधन नोभेम्बर ३०, २०१० का दिन भयो । छत्तीसगढ राज्यको एक दुर्गम गाउँमा सम्बोधन गरेलगत्तै उनलाई हृदयघात भएको थियो । र, उपचारकै क्रममा उनको मृत्यु भएको थियो । संयोग यस्तो पर्‍यो कि निधन भएको दिन उनको ४३ औं जन्मजयन्ती परेको थियो । यो दिनलाई योगस्वामी रामदेवले हरेक वर्ष स्वदेशी दिवसका रुपमा मनाउने घोषणासमेत गरेका छन् । ■





# भूमिको उचित उपयोग नगरेसम्म प्रगति हुन्न : प्रधान मन्त्री

प्रधान मन्त्री बाबुराम भट्टराईले भूमिको सही उपयोग गर्न नसकेसम्म प्रगति हुन नसक्ने बताउनुभएको छ। उच्चस्तरीय भूमि सुधार आयोग २०६५ र वैज्ञानिक भूमि सुधारसम्बन्धी आयोग २०६६ को प्रतिवेदन सार्वजनिक गर्दै असोज ९ गते प्रधान मन्त्रीले समृद्धिमार्फत् परिवर्तनलाई स्थायित्व दिन भूमि व्यवस्थापनमा जोड दिनुपर्ने बताउनुभएको थियो।

विगतमा विभिन्न आयोग बनाइए पनि प्रतिवेदन सार्वजनिक नभएको उल्लेख गर्दै उहाँले यो प्रतिवेदन कार्यान्वयनमा पनि जोड दिनुभयो। 'क्रान्तिकारी भूमि सुधार नगरी नेपालको आर्थिक उन्नति सम्भव छैन' भन्दै उहाँले 'दुइटै प्रतिवेदनमा बहसमार्फत् निष्कर्ष निकालेर कार्यान्वयनमा लैजानुपर्छ' भन्नुभयो।

प्रधान मन्त्रीले बृहत् शान्ति सम्झौताको मर्मअनुसार भूमि सुधार गरिनुपर्नेमा जोड दिँदै न्यायोचित वितरणको पक्ष र उत्पादकत्व वृद्धिको पक्षलाई समेटेर मात्र सही अर्थमा भूमि सुधार हुन सक्ने पनि बताउनुभएको थियो। उहाँले भूमि सुधारलाई धेरै सम्पत्ति भएकाको जग्गा खोसिने कामको रुपमा मात्र बुझिएकाले त्यसोमात्र नभई बाँझो जमिनलाई प्रयोगमा ल्याउने योजनासमेत भूमि सुधार भएको बताउनुभएको थियो।

सोही कार्यक्रममा भूमि सुधार तथा व्यवस्था मन्त्री प्रभु साहले दुइटै प्रतिवेदनमा रहेका समान बुँदालाई शक्तिशाली संयन्त्र बनाएर कार्यान्वयन थालिने जानकारी दिनुभएको थियो। उहाँले प्रतिवेदनमा दिइएका सुझावलाई

- **भूमि प्रतिवेदन सार्वजनिक**
- **प्रतिवेदन संयन्त्र बनाएर लागु गरिने जानकारी**
- **कानुनले छेके त्यसलाई नै परिवर्तन गर्ने**
- **गुठी संस्थान खारेज गर्न सकारात्मक**
- **गैरसुकुम्बासीले हडपेको जग्गा खोसिने**

दुई वर्षसम्म, दुईदेखि पाँच र पाँचदेखि १० वर्ष गरी तीन चरण गरेर कार्यान्वयनमा ल्याइने बताउनुभएको थियो। गैरसुकुम्बासीले पनि जग्गा ओगटिरहेकाले सरकारले त्यसलाई पहिचान गरेर त्यस्ता जग्गा खोस्नेसमेत उहाँको भनाई थियो। 'अहिले व्यवस्था भएको कानुनअनुसार काम गर्दै जान्छौं', मन्त्री साहले भन्नुभयो- 'प्रतिवेदन कार्यान्वयन गर्न कानुनले छेक्यो भने कानुन परिवर्तन गर्छौं।' उहाँले गुठी संस्थान खारेज गरी वैकल्पिक व्यवस्था गर्न सरकार सकारात्मक भएको पनि त्यस अवसरमा बताउनुभएको थियो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले प्रतिवेदनलाई शक्तिशाली आयोग बनाएर कार्यान्वयन गर्नुपर्ने बताउनुभएको थियो। उहाँले योजना बनाउनुअघि त्यसको उपलब्धिलाई समेत ख्याल राख्नुपर्ने पनि बताउनुभयो।

सभासद्द्वय अमृता थापा मगर र शान्ता चौधरीले प्रतिवेदनका सुझाव कार्यान्वयन गर्दा गरिब किसान एवम् सुकुम्बासीको अधिकारलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिएका थिए।

घनेन्द्र बस्नेत अध्यक्ष रहेको वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय भूमि सुधार आयोगले सामाजिक न्यायमा आधारित भएर भूमि सुधार गर्नुपर्नेमा जोड दिएको छ। यसैगरी हरिबोल गजुरेल अध्यक्ष रहेको उच्चस्तरीय भूमि सुधार आयोगले 'सबै अवसर किसान र कृषि विकासका लागि, वैज्ञानिक भूमि सुधार नयाँ नेपालका लागि' भन्ने नाराका साथ भूमिको वैज्ञानिक वर्गीकरण र भूस्वामित्वको विश्लेषण गरी कार्यान्वयनका लागि सिफारिस गरेको छ। ■



# सामाजिक लेखाजोखा सकियो

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको चौथो राष्ट्रिय सामाजिक लेखाजोखा भदौ २३ गते काठमाडौंमा भएको छ। कार्यक्रममा आर्थिक वर्ष २०६७/६८ मा भएका कार्यक्रम, त्यसका उपलब्धि र उपयोग गरिएको बजेटबारे जानकारी गराइएको थियो ।

प्रस्तुत प्रतिवेदनअनुसार मोही र विर्ता जग्गाका ३ सय ६३ किसान परिवारले ९० हेक्टर जमिन प्राप्त गरेका छन् । त्यसैगरी मञ्चमा सङ्गठित ५ हजार ८ सय १८ परिवारले सुकुम्बासी समस्या समाधान आयोगबाट ७ सय ६५ हेक्टर जमिन प्राप्त गरे ।

२६ वटा सहकारीमा २ हजार २ सय १५ भूमिहीन महिला सेयर सदस्य बनेर सहकार्य र बचतको अभ्यास गर्दैछन् । राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको नेतृत्वमा ०६७ चैत १ देखि ८ गतेसम्म भएको आन्दोलनको सहमती पछि सरकारले भूमिसुधार आयोगका प्रतिवेदनहरु सार्वजनिक गरेको छ ।

आफ्नो गाउँको भूमि सुधार योजना आफैं बनाउने सामुदायिक भूमि सुधार अभ्यास थालिएको छ । सिन्धुपाल्चोकको राम्चे, दाङको गङ्गापरस्सपुर, महोत्तरीको लक्ष्मिनियाँ, सुनसरीको हासपोसा र सप्तरीको हर्दियामा भूमि अधिकारको उपयोग र कृषि सुधारको अभ्यास गरिँदैछ ।

आन्दोलनकै दबाबस्वरुप पतिको नाममा कायम घर जग्गाको स्वामित्व परिवर्तन गरी पत्नीसमेतको सयुक्त स्वामित्वको लिखत गर्न चाहेमा सरकारले १ सय रुपियाँमात्र रजिष्ट्रेशन दस्तुर लाग्ने व्यवस्था गरेको छ ।

५० जिल्लामा फैलिएको भूमि अधिकार आन्दोलनमा संस्थाले यस आवमा ४०१२१९३३/- (चार करोड एक लाख एक्काइस हजार नौ सय तेत्तीस रुपियाँ) उपयोग गरेको छ ।

सरकारी निकाय, नागरिक समाज, राजनीतिक दल तथा पीडित समुदायबाट प्राप्त सुझाव संस्था र आन्दोलनका लागि निकै उपयोगी हुने केन्द्रले बताएको छ । लेखाजोखापछि आएका सुझावका आधारमा

कार्ययोजना बनाई लागू गरिने पनि संस्थाले जनाएको छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरिब जनतालाई सङ्गठित गर्दै शान्तिपूर्ण ढङ्गबाट भूमिमाथिको अधिकार दाबी गर्न र त्यसका लागि आवश्यक नीति निमाण र कार्यान्वयनका लागि वकालत गर्दै आइरहेको छ ।

आत्मनिर्भर केन्द्रका गतिविधि, कामबाट प्राप्त उपलब्धि र उपयोग गरिएको स्रोतबारे संस्थागत पारदर्शिता, जवाफदेहिता प्रबर्द्धन गर्न र गरिएका काम सम्बन्धित पक्षको दृष्टिकोणबाट मूल्याङ्कन गराई त्यसबाट प्राप्त सल्लाह तथा सुझावका आधारमा कामको गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न सामाजिक लेखाजोखा गर्ने गर्दछ ।

### किरण डङ्गोल, चार्टड एकाउन्टेन्ट

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले कार्यक्रम र वित्त व्यवस्थापन दुवैमा ध्यान दिएको छ । आन्तरिक नियन्त्रण प्रणाली निकै बलियो छ । सामाजिक लेखाजोखा गरेर जुन किसिमको पारदर्शिता कायम गर्नुभएको छ, यसलाई निरन्तर कायम राख्न सक्नुपर्छ ।

### मोहनमर्दन थापा, वार्षिक कार्यक्रम मूल्याङ्कनकर्ता

राष्ट्रिय भूमि अधिकार मञ्चको विस्तार यसरी भएको छ कि त्यो एउटा चुनौतीकै रुपमा देखापरेको छ । ५० भन्दा बढी जिल्लामा फैलिएको छ । तर राष्ट्रिय भूमि अधिकार मञ्चको विकास संस्थागत भयो कि भएन ? भन्नेमा ध्यान दिनु आवश्यक छ ।

### वृन्दा टमटा, अगुवा, टीकापुर, कैलाली

२०६७ सालदेखि संगठीत भएका हौं । शुरुमा २५ जनामात्रै थियौं, अहिले १०० जनाभन्दा बढी छौं । आन्दोलन कोषमा आलु, मूला र अरु सब्जी खेती गरेर हामीले २० हजार १ सय ७१ रुपियाँ जम्मा गरेका छौं । बाँझो रहेको ५ कट्ठा जग्गामा धान खेती गरेका छौं ।

### हुमानसिंह शिवभक्ति, सिन्धुपाल्चोक

आत्मनिर्भर केन्द्रले हामीलाई मोही हकबारे बुझायो । सङ्गठित हुन सघायो । हामीले जोतेको जग्गामा मोही हक पाइयो । बासको डर थियो । अब ढुक्क छ । खेती गरेर खान पाइएको छ ।

### सतौनदेवी सदाय हर्दिया, सप्तरी

म देवी देउराली भूमि अधिकार मञ्च,



हर्दियाको अध्यक्ष हुँ। जङ्गलछेउको ५ विघा जग्गा १४ घर दलितले उपयोग गर्दै आएका छौं। धान, मकै, तरकारी लगाउँछौं। पहिले त्यो धनीहरुको गौचरण थियो।

**रत्नदेवी चौधरी, सुनसरी**

हाम्रो समूहबाट ६ जनाले मोही अधिकार पाएका छौं। हामी भूमि अधिकारबाहेक महिला अधिकारको पनि कुरा गर्छौं। २ सय दिदी-बहिनीको सहकारी पनि बनाएका छौं।

**कलावती सुनार, सुर्खेत**

एक दिन काम विशेषले बजार गएको थिएँ। जुलुस देखें। केको भनेर सोधेको त भूमि अधिकार मञ्चको भने। किन ? भन्दा जग्गा खोजेको भनेर सुनाए। आफू पनि खोलाको छेउमा गिटी कुटेर र बालुवा चालेर बसेको मान्छे। उनीँहरुले लगाएको नारा र बोलेको कुराले मन छोयो। पछि कार्यकर्ता साथीलाई गाउँ बोलाएँ र सङ्गठन बनाएँ।

**सरेश नेपाल, सिन्धुपाल्चोक**

सामाजिक लेखाजोखामा समाजमा आन्दोलनले के परिवर्तन ल्यायो ? सामाजिक जीवनमा के परिवर्तन ल्यायो ? भनेर मूल्याङ्कन गर्नुपर्छ।

**कृष्ण थापा, सिन्धुपाल्चोक**

झुप्राबाट सुरु भएको भूमि अधिकार आन्दोलन भूमि घरसम्म आएको छ। ठूलो सङ्गठन, जनताको स्वामित्वका रुपमा अगाडि बढेको छ। गरिबबाट टाइसुट लगाएका मान्छेको हातमा जान नदिन खबरदारी गरिरहनुहोस्।

**भवानीप्रसाद न्यौपाने, रसुवा**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेको सामाजिक लेखाजोखा सराहनीय छ। कुन जिल्लामा कति काम भयो ? कति खर्च भयो ? अरु सङ्घ/संस्थाले पनि सरोकारवालाको माझमा यस्तै लेखाजोखा अनिवार्य गर्नुपर्छ।

**सरस्वती सुब्बा, कोषाध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च**

जुन पार्टी सत्तामा आए पनि गरिबको आँसु हेर्ने क्रममात्र चल्यो। यही कारण ५० जिल्लाका हजारौं मानिस मर्न तयार भएका हुन। त्यसैले अब एउटा छिनोफानो गर्ने आन्दोलन जरुरी छ।

**चिरञ्जीवी अधिकारी, प्रतिनिधि, केयर नेपाल**

यो सामाजिक लेखाजोखा गर्ने परम्पराको सुरुवात् राम्रो छ। वर्षभर गरेको कार्यक्रम र आर्थिक विवरण पारदर्शी ढङ्गले राखिएको छ। यस्तो काम अरुले पनि गर्नुपर्छ भन्ने सिकाई भएको छ।

**गणेश बिके, अध्यक्ष, मानव अधिकार एलाइन्स**

मानव अधिकार एलाइन्सको सदस्य संस्थाले राष्ट्रियस्तरको आन्दोलनको ज्वाला सृजना गर्दै सामाजिक लेखाजोखाका माध्यमबाट वास्तविकता प्रकाशमा ल्याएकामा गौरव लागेको छ। भूमि अधिकारको काम पहिले अन्तर्राष्ट्रिय गैससहरुले हामीले गर्ने होइन, राजनीतिक दलहरुले गर्ने हो भन्थे। दलले पनि यो काम आफ्नो नभएको बताउँथे। अहिले भने दुवै अलि लचक देखिएका छन्

**राजकुमार लेखी, अध्यक्ष, नेपाल आदिवासी तथा जनजाति महासङ्घ**

आदिवासी जनजातिले उठाएको, हलियाले उठाएको, कमैया-कमलरीले उठाएको आन्दोलन र विभिन्न उत्पीडनमा परेका समुदायको आन्दोलनलाई समग्ररुपमा एकीकृत गरेर अगाडि बढाउन सक्यौं भने त्यो आन्दोलनले मुलुकलाई निकासको बाटोमा लग्छ।

**अप्सरा चापागाईं, अध्यक्ष, वन उपभोक्ता महासङ्घ नेपाल**

अघिल्लो वर्षको यस्तै लेखाजोखा कार्यक्रममा केही सुधार गर्न पाए हुन्थ्यो भन्ने कुरा उठेका थिए। जसअनुसार सुधार भएको पाएँ। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरिरहेको यो कार्यक्रम प्रक्रियाको हिसाबले हामीलाई चित्त बुझेको छ। भूमिहीनको सङ्गठनमा टाठाबाठा भूमिहीनमात्रैले फाइदा लिने वातावरण पो बन्छकि भन्नेतर्फ सचेत हुनुपर्छ।

**शर्मिला कार्की, महासचिव, गैसस महासङ्घ, नेपाल**

आन्दोलन कसैका पेवा जस्ता भइरहेका छन्। महिला अधिकारबारे कसैले कुरा गर्नुपर्‍यो भने फलानो संस्था वा त्यो त्यो मान्छेले भन्ने चलन छ। दलित अधिकारबारे काम गर्नुपर्‍यो भने यो यो भनिन्छ र भूमि अधिकारमा पनि यस्तै हालत छ। अब आन्दोलनहरु यसरी चल्दैन। आन्दोलन साझा हुनुपर्छ।

**श्याम श्रेष्ठ, नागरिक समाज**

नेपालमा एउटा विडम्बना नै भन्नुपर्छ कि यस्तोखालको भूमि अधिकार आन्दोलन वास्तवमा नेपालका राजनीतिक दलहरुले गर्नुपर्थ्यो र विभिन्न सङ्घ/संस्थाले सघाउनुपर्थ्यो। तर यहाँ उल्टो भइरहेको छ। जो छाप्रोको राजनीति गर्छु भनेर आउँछन्, सिंहदरबारमा पुगेपछि छाप्रै बिर्सन्छन्। जसले भूमिहीनको प्रतिनिधित्व गरेर आउँछु भन्छन्, त्यहाँ पुगेपछि भूमिपति पो हुन्छन् र भूमि अधिकार आन्दोलन पूरै बिर्सन्छन्।

**लालमणि जोशी, सचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको वार्षिक सामाजिक लेखाजोखा नेपालका गैससहरुका लागिमात्र नभएर सरकारी क्षेत्रका लागि पनि उदाहरणीय छ। भूमि अधिकारका सवालमा आत्मनिर्भर केन्द्रका साथीहरुले हामीलाई घच्घचाउने काम गर्नुभएको छ, त्यसलाई सरकारले सकारात्मकरुपमा लिएको छ।

**वृन्दा पाण्डे, मौलिक हक तथा निर्देशक समिति, संविधान सभा**

हामीलाई जहिले पनि आधा आकाश भनियो, जुन आकाशको लालपूर्जा हुँदैन त्यो आकाश देखाएर हामी आन्दोलनमा लाग्यौं। अब आकाशमात्रै हेरेर आन्दोलनमा लाग्ने होइन, हामीलाई यो धर्ती पनि चाहिन्छ।

**पूर्णाकुमारी सुवेदी, उपाध्यक्ष, संविधान सभा**

भूमि अधिकारका विषयमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले पारदर्शी ढङ्गले लेखाजोखा गर्‍यो। आन्दोलनको उद्देश्य, सङ्गठन, उत्पादन, सँगसँगै सम्भावना र चुनौतीका विषय पनि उल्लेख गरियो। हामी भोका, नाङ्गा छौं, हामीलाई जग्गा चाहियो, हामी त्यहाँबाट उत्पादन गरेर खान्छौं भन्ने यो आन्दोलन जायज छ। यसलाई सबैले सहयोग गरेमात्र उपलब्धि प्राप्त हुन सक्छ। ■

# सकियो मञ्चको सम्मेलन










भूमि अधिकारबाट वञ्चितहरुको सङ्गठन राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको तेस्रो राष्ट्रिय सम्मेलन जनकपुरमा असोज ५ देखि ७ गतेसम्म भयो । सम्मेलनको उद्घाटन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले गर्नुभएको थियो । क्षेत्रीले भूमिको वर्तमान वितरण अन्यायपूर्ण भएकाले जमिन जोत्नेको हुनेगरी भूमि सुधार गर्दा अर्थतन्त्रको जग बलियो हुने बताउनुभयो । गरिब समुदायलाई देशको नागरिक हुँ भन्ने महसुस गराउन पनि कमाउनेले पाउने र छोडे जग्गा पनि छोड्नुपर्ने व्यवस्था नै वैज्ञानिक हुन सक्नेमा उहाँले जोड दिनुभयो । नागरिक समाजका अगुवा श्याम श्रेष्ठले भूमि सुधारबारे दल मौन रहनु आश्चर्यजनक भएको विचार राख्नुभयो । श्रेष्ठले मञ्चले दललाई भूमि सुधारका लागि बाध्य पार्ने सामर्थ बनाइरहेकाले भूमि सुधार नभई धरै छैन भन्नुभयो ।

सम्मेलनमा ५२ जिल्लाका ५४२ जना प्रतिनिधि र पर्यवेक्षकले भाग लिएका थिए । सम्मेलनले सोमप्रसाद भण्डारी अध्यक्ष, गुलावदेवी राम उपाध्यक्ष, ल्यामबहादुर दर्जी महासचिव, सरस्वती सुव्बा सचिव, दण्डप्रसाद शर्मा कोषाध्यक्षसहित २१ सदस्यीय राष्ट्रिय समिति निर्वाचित गरेको छ । ७ बुँदे जनकपुर घोषणापत्रमा उठिबास र बेदखीविरुद्ध प्रतिरोध गर्ने, सुकुम्बासी र मोहीको नयाँ लगतका लागि सरकारले गरेका वाचा पूरा गर्न दबाव दिने, भूमि आयोगको प्रतिवेदन कार्यान्वयनमा नल्याए सशक्त आन्दोलन गर्ने उद्घोषका साथै योजना पारित गरेको छ ।

त्यस्तै कानुनअनुसारको हदबन्दी कार्यान्वयन नगरेर सरकारले कानुन अपहेलना गरेको, मोही बाँडफाँट प्रक्रिया ३ वर्षदेखि रोकिए पनि विधेयक पास गराउनेतर्फ कसैले गम्भीरता नदेखाउनु गरिबमाथि अझै अन्याय भएको ठहर गरेको छ । उद्घाटन सभामा हजारौं भूमिहीन, मोही, हलिया, हरुवा-चरुवा, कमैया तथा चुरेबासीको सहभागिता थियो ।











## निर्वाचीत राष्ट्रिय समितिको नामावली

| | |
|---|---|
| अध्यक्ष | सोम प्रसाद भण्डारी, सिन्धुपाल्चोक जिल्ला |
| उपाध्यक्ष | गुलावदेवी राम, सप्तरी जिल्ला |
| महासचिब | ल्याम बहादुर दर्जी, पर्वत जिल्ला |
| सचिब | सरस्वती सुव्वा, सर्लाही जिल्ला |
| कोषाध्यक्ष | दण्ड प्रसाद शर्मा, बाँके जिल्ला |
| सदस्य | वलदेव राम, सप्तरी जिल्ला |
| सदस्य | महेश वड, बैतडी जिल्ला |
| सदस्य | नन्दा जोशी, कन्चनपुर जिल्ला |
| सदस्य | रमावति हरिजन, |
| सदस्य | भुन्टे राजी, कैलाली जिल्ला |
| सदस्य | मोतीदेवी चौधरी, बर्दीया जिल्ला |
| सदस्य | मथुरा चौधरी, कपिलवस्तु जिल्ला |
| सदस्य | जमुना वि क, कैलाली जिल्ला |
| सदस्य | विन वहादुर परियार, रुपन्देही जिल्ला |
| सदस्य | दमन कुमारी चेपाङ, चितवन जिल्ला |
| सदस्य | पुतली तामाङ, रसुवा जिल्ला |
| सदस्य | अरुण सदा, सिराहा जिल्ला |
| सदस्य | प्रमोद शाह, धनुषा जिल्ला |
| सदस्य | बल बहादुर तमाङ,उदयपुर जिल्ला |
| सदस्य | मनोज चौधरी, सुनसरी जिल्ला |




























राष्ट्रिय सम्मेलन



# घोषणापत्र

राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको तेस्रो राष्ट्रिय सम्मेलन २०६८ असोज ५, ६ र ७ गते धनुषा जिल्लाको ऐतिहासिक नगरी जनकपुरधाममा भव्य भयो। हामी ५० जिल्लाका ३०७ प्रतिनिधि र १०४ पर्यवेक्षकले भूमि आन्दोलनको वर्तमान परिवेश, मञ्चले विगतमा गरेको आन्दोलनको समीक्षा, साङ्गठनिक सुदृढीकरण र भविष्यका आन्दोलन तथा सङ्गठनबारे गम्भीर छलफल गरी निम्नबमोजिम घोषणा गर्दछौं-

१. यो सम्मेलन ०६७ चैत १ देखि ८ गतेसम्म काठमाडौंमा सम्पन्न राष्ट्रिय आन्दोलनमा बर्दियाबाट भाग लिन आउने क्रममा नवलपरासीको हर्कपुरमा बस दुर्घटनामा परी ज्यान गुमाउनुभएका जनककुमारी चौधरी र लालमाया खाम्चामगरप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्छ। सोही घटनामा परी हालसम्म अस्पतालमा उपचाररत् तुलसी सुनार र वितानी थारुको शीघ्र स्वास्थ्यलाभको कामना गर्छ। त्यस्तै यो सम्मेलनमा सहभागी हुन आएका अभिभावकका आउने क्रममा सिरहाका ७ र १२ वर्षका २ बालिकाको मृत्यु भएको खबरले पुनः हामीलाई दुःखी बनाएको छ। सम्मेलनमा आउँदा एक जना घाइते हुनुभएको छ। यी सबैको शीघ्र उपचार, घाइते र मृतक परिवारलाई राहत प्रदान गर्नका लागि सरकारसँग जोडदार माग गर्छौं र मञ्च आफैंले गर्न सक्ने सहयोग सम्बन्धित जिल्ला मञ्चसँग समेत छलफल गरी एक महिनाभित्र सहयोग गर्ने प्रण गर्छ।

२. देशभरी भएका भूमि अधिकारबाट वञ्चितको मोही बेदखल गर्ने, बस्तीमा आगो लगाउने, ऐलानी जग्गा बिक्री वितरण गर्ने, भूमाफियाबाट जग्गाको खण्डीकरण, प्लटिङ गर्ने जस्ता काम तुरुन्त बन्द गरिनुपर्छ।

३. नेपाल सरकार र राष्ट्रिय भूमि अधिकार मञ्चबीच विगतमा भएका सम्पूर्ण सहमति कार्यान्वयनका लागि सरकारसँग जोडदार माग गर्छौं।

४. राष्ट्रिय भूमि अधिकार मञ्चले विभिन्न समयमा सम्पन्न गरेका आन्दोलनबाट निर्मित उच्चस्तरीय भूमि सुधार आयोगका प्रतिवेदन तुरुन्त सार्वजनिक गरी कार्यान्वयन गरियोस्।

५. सबै दलको साझा सहमतिमा मङ्सिर १४ गतेभित्र नै संविधानको पहिलो मस्यौदा जारी गरियोस् र जमिनमा श्रम गर्ने महिला र पुरुषको जमिनको हक सुनिश्चित गर्न संवैधानिक व्यवस्था सुनिश्चित गरियोस्। भूमि प्राकृतिक स्रोत र उत्पादनको साधन भएकाले न्यायोचित हदबन्दी लगाई हदबन्दीभन्दा माथिको जग्गामा क्षतिपूर्ति नदिने संवैधानिक व्यवस्था हुनैपर्छ।

६. विगतमा सुकुम्बासी आयोगले गरेको बदमासी सच्याइनुपर्छ र पेश भएका सबै निवेदनउपर तुरुन्त छानबिन हुनुपर्छ। नेपाल अधिराज्यका सम्पूर्ण भूमिहीनको लगत सङ्कलन गरी परिचयपत्र वितरण गरियोस् र सोको आधारमा दैनिक उपभोग्य वस्तुमा सहुलियतको व्यवस्था गरियोस्।

७. समग्र देशको भूमिसम्बन्धी सबै समस्या समाधानका लागि भूमि अधिकारबाट वञ्चितहरुको कम्तिमा एक तिहाई प्रतिनिधित्व हुने गरी स्थायी भूमि आयोग बनाउन सरकारसँग जोडदार माग गर्छौं।



# हलिया पुनर्स्थापनाबारे छलफल

मुक्त हलिया पुनर्स्थापना कार्यदलले भदौ २७ र २८ गते कैलालीको धनगढीमा मुक्त हलिया पुनर्स्थापनाको मोडालिटी र कार्ययोजना निर्माण गोष्ठी गरेको छ। हलिया पुनर्स्थापनाका विषयमा आयोजित उक्त गोष्ठीमा सभासद, हलिया महासङ्घका प्रतिनिधि, सहयोगी संस्थाका प्रतिनिधि र भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सचिव, सहसचिव, उपसचिव र सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, मालपोत अधिकृतलगायत्को सहभागिता थियो। शान्ति मन्त्रालयले लिएको तथ्याङ्कमा १९,०५९ परिवार हलिया रहेको विवरण छ। हलियालाई परिचयपत्र दिनुपूर्व परिचयपत्र लिन आउँदा पुनः सम्पूर्ण विवरण आउनेगरी फर्म भराउने, महिला पुरुषलाई नै संयुक्त परिचयपत्र दिने र परिचय वितरण कार्य मङ्सिरभित्र सक्ने कार्ययोजना तय गरिएको छ।

**मर्मत गर्नुपर्ने अवस्थाकालाई प्रतिपरिवार ५० हजार दिने र घर नभएकालाई उपयुक्त जग्गासहित बढीमा २ लाख ५० हजार रुपियाँसम्म लगानी गरी घर बनाइदिने**

आवासका सम्बन्धमा, आवास भएका तर मर्मत गर्नुपर्ने र नभएका गरी तीन वर्गमा बाँडी भएकालाई केही नगर्ने, मर्मत गर्नुपर्ने अवस्थाकालाई प्रतिपरिवार ५० हजार दिने र नभएकालाई उपयुक्त जग्गासहित बढीमा २ लाख ५० हजार रुपियाँसम्म लगानी गरी घर बनाइदिने र यसरी घर बनाउँदा एकीकृत र स्थान हेरी एकल आवास बनाउने गरी दुवै मोडल अपनाउनेबारे पनि छलफल भएको थियो।

आवासको व्यवस्था सुरक्षित स्थानमा गराउने र स्थानीय संस्कृति सुहाउँदो, स्थानीय सामग्रीको प्रयोग गर्नमा जोड दिने, खेती गर्न चाहने परिवारका लागि आफ्नोसमेत पहाडमा १० रोपनी र तराईमा ५ कट्ठासम्म जग्गा उपलब्ध गराउने, पहाडको हकमा गुणात्मकता र उपलब्धताका आधारमा थप पनि उपलब्ध गराउने, यसरी जग्गा उपलब्ध गराउँदा आवास र खेतीका लागि एकीकृत प्रणाली अपनाई सामूहिकरुपमा खेती गर्न प्रोत्साहन गर्नेबारे गोष्ठीमा छलफल भएको थियो। गोष्ठीको उद्घाटन भूमि सुधार तथा व्यवस्था मन्त्री प्रभु साहले गर्नुभएको थियो। कार्यक्रममा सचिव लालमणि जोशी र सहसचिव कृष्णप्रसाद लम्सालले कार्यसत्रको अध्यक्षता गर्नुभएको थियो। ■

# भूमि अधिकार अन्तरक्रिया

भाद्र १९ गते राष्ट्रिय भूमि अधिकार मञ्च कैलालीको आयोजनामा भूमि अधिकार आन्दोलनमा स्थानीय सरोकारवालाको भूमिका विषयमा अन्तरक्रिया भयो। मञ्चका अध्यक्ष जनार्दनप्रसाद चौधरीको अध्यक्षमा धनगढीमा सम्पन्न अन्तरक्रियामा एनेकपा माओवादीका फूलराम चौधरी, नेपाली कङ्ग्रेसका दीपकराज जोशी, नेकपा एमालेका लोकेन्द्र शाही, राष्ट्रिय जनमोर्चाका कृष्णप्रसाद चौधरी, संयुक्त लोकतान्त्रिक थारुहटका प्रदीप चौधरी, समाजवादी जनता पार्टीका गणेश भट्ट र सद्भावना पार्टीका रामदेव शर्माले बोलेका थिए।

**भूमि अधिकार आन्दोलन सामाजिक रुपान्तरणका लागि सबैको साझा काम भएकाले मञ्चले उठाएका मुद्दामा ऐक्यबद्धता जनाएका थिए।**

उनीहरुले भूमि अधिकार आन्दोलन सामाजिक रुपान्तरणका लागि भएकाले मञ्चले उठाएका मुद्दामा ऐक्यबद्धता जनाएका थिए। उनीहरुले आफूले सिफारिस, र सहयोग गर्नुपर्ने ठाउँमा जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

कार्यक्रममा सहभागी राष्ट्रिय मानव अधिकार आयोगका संरक्षण अधिकृत दीपेन्द्रबहादुर सिंह, याक नेपालका संयोजक निलम पनेरु र राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय सदस्य जङ्गबहादुर सुनारले भूमि अधिकार आन्दोलन गरिबी निवारण र न्याय स्थापनाको विषय भएको बताएका थिए।

भूमि अधिकारबाट वञ्चित जमुना विक र रुपा विकले भूमिहीनका समस्या सुनाएका थिए। जिल्ला संयोजक जवालसिंह तिरुवाले भूमि अधिकार मञ्चले गरेका काम र आगामी एजेन्डाका सम्बन्धमा सहभागीलाई जानकारी गराएका थिए। ■

# शान्ति र संविधानका लागि महिला दबाव अभियान

संविधान सभाका अध्यक्ष सुभाषचन्द्र नेम्वाङले सरकार बहुमतको भए पनि प्रमुख प्रतिपक्ष दलहरुले शान्ति र संविधानको विषयमा आफूहरुले कुनै बाधा नपुर्‍याउने वाचा गरेकाले प्रधान मन्त्रीले प्रतिबद्धता जनाएअनुसार शान्ति प्रक्रिया टुङ्गिनेमा आशावादी भएको बताउनुभएको छ । शान्ति र संविधानका लागि महिला दबाव अभियानमा आबद्ध महिलासँगको भेटमा सभामुख नेम्वाङले यस्तो बताउनुभएको हो । भेटका क्रममा उहाँले संविधान समयमै बन्न नसक्नुको कारण संविधान सभा नभई दलमा देखिएको असमझदारी, शान्ति प्रक्रियामा उत्पन्न विवाद र सरकार निर्माणमा मात्रै अल्झिनु रहेको औल्याउनुभयो ।

उहाँले अहिलेसम्म प्राप्त उपलब्धिलाई संस्थागत गर्न पनि संविधान बन्नुपर्ने र अब बन्ने संविधान महिलामैत्री, समावेशी र भेदभावरहित हुनेमा ढुक्क हुन सबैलाई आग्रह गर्नुभयो । यस क्रममा उहाँले महिलाले सञ्चालन गरेका सकारात्मक दबावले संविधान सभा र आफूलाई समेत फाइदा भएकाले नागरिक समाजका तर्फबाट खबरदारी जारी राख्न आग्रह गर्नुभएको थियो ।

यस क्रममा समयमै महिलामैत्री संविधानका लागि महिलाले जिल्लामा सङ्कलन गरेका हस्ताक्षर र पदयात्राका क्रममा महिलाले संविधान लेख्नका लागि भन्दै सभामुखलाई पठाएको खाली कागज र कलम पनि हस्तान्तरण गरिएको थियो । भेटका क्रममा जिल्लाबाट पदयात्रा गरी काठमाडौं आएका महिला र शान्ति र संविधानका लागि दबाव अभियानको नेतृत्व गरिरहेका २० जना महिला सहभागी थिए ।

शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याई भदौ १४ भित्र संविधानको एकीकृत मस्यौदा ल्याउन दबाव दिने उद्देश्यले शान्ति र संविधानका लागि महिला दबाव अभियानले असार २ गतेदेखि धर्ना कार्यक्रम गरेको थियो ।

सुदूरपश्चिमको डडेल्धुरा र पूर्वको इलामबाट शान्ति र संविधानका लागि दबाव दिने उद्देश्यले आयोजित पदयात्रामा राष्ट्रिय भूमि अधिकार मञ्चको तर्फबाट २ जना सहभागी हुनुभयो भने काठमाडौंको धर्नामा नियमित सहभागिता भयो । सुदूरपश्चिमको टोलीले डडेल्धुराको भीमदत्त चोक, कैलालीको धनगढी, मसुरिया, बल्चौर, बाँकेको नेपालगञ्ज, दाङको लमही, बुटवलको अस्पतालचोक र पूर्वको टोलीले विभिन्न जिल्लाको विभिन्न ठाउँमा कार्यक्रम गरेकामा ती कार्यक्रममा भूमि अधिकार मञ्चको सहभागिता थियो । समयमै महिलामैत्री संविधान निर्माण गरी राजनीतिक तरलता अन्त्य गर्ने वातावरण तयार गरिनुपर्ने, गत जेठ १४ गते गरिएको राजनीतिक सहमति पालना गरि 'राष्ट्रिय सहमतिको सरकार', बनाई भदौ १४ गते भित्र संविधान जारी गरिनुपर्ने जस्ता माग राख्दै पदयात्रा सुरु गरिएको थियो । ■

# मोही समस्याबारे क्षेत्रीय छलफल

कागजी प्रमाण भएका मोहीको मोही लागेको जग्गा बाँडफाँट ३ वर्षदेखि रोकिएको छ भने मौखिक सर्तमा जग्गा जोतिरहेका मोही किसानलाई जोतिरहेको जग्गाबाट निकाल्ने कार्य तीव्र पारिएको छ । विगतमा भूमिहीन र मोहीको पक्षमा सङ्घर्षरत् दल अहिले बोलिरहेका छैनन् । यसै विषयलाई लिएर सामाजिक विकास तथा अनुसन्धान केन्द्रले भदौ २६ गते नेपालगञ्जमा मोही समस्याबारे क्षेत्रीय छलफल गरेको थियो । छलफलमा सुर्खेत, बर्दिया र बाँकेका सयभन्दा बढी मोही किसान, बाँकेका राजनीतिक दलका प्रतिनिधि, सरकारी अधिकारी, अधिकारकर्मी र सञ्चारकर्मीको सहभागिता थियो । मोही सवालमा चरणबद्ध आन्दोलन उठाउने क्रममा यो छलफल गरिएको थियो ।

छलफलमा केही मोहीको समस्याको गहिरो अध्ययन गरी मानव अधिकार आयोगमा न्यायका लागि निवेदन पेश गर्ने, राजनीतिक दलसँग सानो समूहमा भेटघाट गर्ने र बाँकेका ११, सुर्खेतका ११ र बर्दियाका ८ गाविसमा गरिएको अध्ययन टुङ्ग्याउने सहमति भएको छ ।

त्यस्तै कानुनी अड्चनका कारण रोकिएको मोही बाँडफाँटसम्बन्धी नयाँ कानुनका लागि राजनीतिक दलले आ-आफ्ना सभासदलाई लिखित जानकारी गराउने पनि निर्णय भएको छ । आफ्ना पार्टीका जोकोहीले बेदखली गरेमा कार्बाही गर्ने कुरामा भने दलका प्रतिनिधिले खुलेर बोलेनन् । तिहारपछि यस सवाललाई टुङ्गो लगाउने गरी आन्दोलन गर्ने पनि किसान र अभियानकर्मीले अठोट व्यक्त गरेका छन् । ■



# गुठीबारे प्रशिक्षण

जिल्ला भूमि अधिकार मञ्च, रसुवाको आयोजनामा भदौ २८ र २९ गते ठूलो हाकुमा दुई दिने 'गुठी जग्गा हाकुबासीको अधिकार' विषयक प्रशिक्षण योजना शिविर गरिएको छ। शिविरमा हाकुबेसी, सानो हाकु र ठूलो हाकु गरी ६ वडाका ५४ (२० महिला) जना गुठी किसान अगुवाको सहभागिता थियो।

प्रशिक्षणमा अगुवा र उसको भूमिका, भूमि अधिकार मञ्च, गुठी ऐन र यस सवालको जटिलता, हाकुको अवस्था नक्शाङ्कन र पाँच वर्षपछि हाकुबासीले देख्न चाहेको चित्रबारे छलफल गरी आन्दोलनको योजना र जिम्मेवारी बाँडफाँट गरिएको छ। शिविरको सहजीकरण आत्मनिर्भर केन्द्रका क्षेत्रीय कार्यक्रम अधिकृत कल्पना कार्की, जिल्ला मञ्चका कार्यालय सचिव सुष्मा न्यौपाने र पूर्णकालीन कार्यकर्ता सङ्गीता लामिछाने तथा शिक्षक दावानोर्चुङ तामाङले गर्नुभएको थियो। ■



# लेखा व्यवस्थापन तालिम

भदौ ४ देखि ६ गतेसम्म स्रोत केन्द्र, ६ अन्तर्गतका जिल्ला भूमि अधिकार मञ्च धनुषा, महोत्तरी, बारा, रौतहट र मकवानपुरका कार्यालय सचिवलाई जिल्ला भूमि अधिकार मञ्चको कार्यालयमा लेखा व्यवस्थापन तालिम दिइयो। तालिमको पहिलो दिन अध्यक्षहरुलाई समेत सहभागी गराई जिल्ला मञ्चको आर्थिक तथा प्रशासनिक नियमावलीमा छलफल गरिएको थियो।


त्यस्तै असोज २७ र २८ गते स्रोत संस्था २ र ३ अन्तर्गतका जिल्ला भूमि अधिकार मञ्च बर्दिया, सुर्खेत, दैलेख र दाङका कार्यालय सचिवलाई सामाजिक विकास तथा अनुसन्धान केन्द्र, नेपालगञ्जमा तालिम दिइयो। तालिममा कार्यालय सचिवलाई दोहोरो लेखा प्रणालीमा लेखा व्यवस्थित गर्न, त्रैमासिक आर्थिक प्रतिवेदन तयारी, समुदायको योगदानको हरहिसाव राख्न, वार्षिक योजना र बजेटमा स्पष्ट गराई पेश्की माग गर्ने प्रक्रिया, आर्थिक तथा प्रशासनिक नियमावलीमा छलफल, वित्तीय फारामको प्रयोग आदि सिकाइएको थियो। कार्यक्रमको सहजिकरण बित्त अधिकृत राधा चापागाईंले गर्नुभएको थियो। ■

# सुर्खेतमा प्रशिक्षण

भदौ ७ र ८ गते 'गरिब विरोधी चलन, प्रथा, संस्कृति तोडौं, भूमि आन्दोलनका लागि प्रतिबद्ध शक्ति जोडौं' भन्ने अठोटका साथ कुनाथरीको बड्डीचौरमा अगुवा कायकर्ता प्रशिक्षण भयो। प्रशिक्षणबाट कार्यकर्ताले भूमि समस्याका कारण र त्यसले भूमि अधिकारबाट वञ्चितहरुको के/कस्ता अधिकार हनन भइरहेका छन् भन्नेबारे छलफल गरेका छन्। प्रशिक्षणमा स्थानीय स्रोतको पहिचान र प्राप्तिको योजना बनाएका छन्। त्यस्तै भूमि अधिकार मञ्चको लक्ष्य, उद्देश्य र संरचनालगायत् विषयमा पनि जानकारी गराइयो। कार्यक्रममा १४ महिलासमेत २८ जनाको सहभागिता थियो। जसमा ३ दलित र १९ जनजाति समुदायका थिए। ■

# भीमदत्त पन्त स्मृति दिवश

राष्ट्रिय भूमि अधिकार मञ्चको अगुवाईमा बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलालीमा ५९ औं भीमदत्त पन्त स्मृति दिवश विविध कार्यक्रम गरी मनाइएको छ । बैतडीमा नेपालको किसान आन्दोलनमा भीमदत्त पन्तको योगदान विषयमा अन्तरक्रिया भयो । यसका लागि हाम्रो निगरानी दैनिकसँग मिलेर कार्य गरिएको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गोविन्दमणि भुर्तेल प्रमुख अतिथि हुनुहुन्थ्यो । एमालेका माया भट्ट, माओवादीका करन दयाल, कङ्ग्रेसका रमेश कोलीलगायत्



विभिन्न सङ्घ/संस्थाका प्रतिनिधिले पनि भीमदत्त पन्तका सङ्घर्षबारे बोल्नुभयो ।

भीमदत्त स्मृति अध्ययन केन्द्र स्थापना गर्ने, अक्षय कोष खडा गर्ने र भीमदत्त पन्तको शालिक निर्माण गर्ने कुरामा पनि छलफल भएको थियो । कार्यक्रमको अध्यक्षता मञ्चका अध्यक्ष महेश वडले गर्नुभएको थियो । जसमा ४१ महिलासहित ९० जनाको सहभागिता थियो । यही अवसरमा डडेल्धुराको जोगबुढा-२ शहरगौडाको तटबन्ध गरिएको पन्तुरा खोलाको किनारमा ७०० ( बाँस, सिसौ, रिठा र सजीवन) बिरुवा रोपियो । कञ्चनपुरमा सभा गरियो र वृक्षारोपण गरियो । कैलालीमा अन्तर्क्रिया कार्यक्रम भयो । ■

छोटकरी

## परिषद् र सम्मेलन



**दाङ-** 'सुरक्षित बास सबैलाई, खेतीयोग्य जमिन जोत्नेलाई' भन्ने सन्देशका साथ प्रथम जिल्ला परिषद् भदौ ७ र ८ गते दाङको घोराहीमा भयो । जसमा २६ गाविस र २ नगरपालिकाका १७५ प्रतिनिधि (महिला ६७, दलित २७, जनजाति ११३) को सहभागिता थियो । परिषद्को उद्घाटन सत्रमा १६ जना पीडितले बोल्नुभएको थियो । जिल्ला परिषद्बाट ८ बुँदे घोषणापत्र जारी गरिएको छ ।

...........…..........

**बारा-** भदौ ९ र १० गते बारा मञ्चको सम्मेलन भयो । सम्मेलनमा १४७ जनाको सहभागिता थियो । उद्घाटन कार्यक्रममा प्रमुख ३ दलका प्रतिनिधि र जनजाति महासङ्घ जिल्ला उपाध्यक्ष सीता गुरुङ तथा प्रमुख अतिथिमा मञ्चका कोषाध्यक्ष सरस्वती सुब्बा हुनुहुन्थ्यो । पहिलो दिन प्रशिक्षण तथा दोस्रो दिन बन्द सत्र गरी रमेश सापकोटाको अध्यक्षतामा १९ सदस्यीय जिल्ला समिति गठन भएको छ ।

...........…..........

पाल्पा जिल्ला भूमि अधिकार मञ्चको पहिलो परिषद् तेल्यामा भयो । परिषद्को उद्घाटनमा प्राकृतिक स्रोत बाँडफाँट समितिका सदस्य एवम् सभासद् कुलप्रसाद नेपाल, नेकपा (




एमाले) र नेपाली कङ्ग्रेसका प्रतिनिधि, स्रोत केन्द्र संयोजक शुभराज चौधरी र पीडितका तर्फबाट रोमबहादुर राना तथा दीपा बिकले धारणा राख्नुभएको थियो । परिषद्ले रोमबहादुर रानालाई अध्यक्ष र निस्क्रिय भएका दुई जना सदस्यको ठाउँमा विष्णु बिक र दीपा बिकलाई मनोनीत गर्‍यो ।

...........…..........

**सङ्खुवासभा-** जिल्ला भूमि अधिकार मञ्च सङ्खुवासभाको पहिलो सम्मेलन २१ र २२ गते आँखिभुइँ गाविस ९, मूलगाउँमा भएको छ । सम्मेलनले कुलबहादुर कार्कीको अध्यक्षतामा १५ सदस्यीय जिल्ला भूमि अधिकार मञ्च गठन गरेको छ । सम्मेलनमा ५ गाविसका ४ सय गुठीपीडितको सहभागिता थियो ।

...........…..........

**रुपन्देही-** भदौ २७ र २८ गते जिल्ला भूमि अधिकार मञ्च, रुपन्देहीको दोस्रो सम्मेलन भैरहवास्थित गणतान्त्रिक सभागृहमा भयो । सम्मेलनले ओमप्रकाश वारीको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति गठन गरेको छ । ■

# साउनका आधा महिना



■ पुष्कर आचार्य

## सुरुमा खुशी

साउनको १२ गते कुम्लोकुटुरो बोकेर डँडेल्धुरा गाइयो । उद्देश्य प्रत्येक आर्थिक वर्ष सुरु भएपछि सहयात्री संस्थासँग गरिने भूमि अधिकार अभियानअन्तर्गतको योजना र बजेट निर्माण नै थियो । र, यसबाहेक केही थियो भने थप समसामयिक विषयमा छलफल । स्रोत केन्द्रले बैतडी, डडेलधुरा, कैलाली र कञ्चनपुरको संयोजन गर्छ ।

जिल्ला मञ्चका पदाधिकारीसँग छलफल गर्दा थाहा भयो- जो लागेका छन्, सवालमा प्रष्ट छन्, अभियानमा प्रतिबद्ध छन् । साथै अर्थिक तथा व्यवस्थापनको काममा क्रमशः सुधार हुँदै गएको छ। संयोजन पनि सन्तोषजनक । प्राथमिकता दिएर डँडेल्धुराबाट भ्रमण गर्ने निर्णय गरेकामा खुशी लाग्यो ।

## चिसोपनका फाइदा

नेपालगञ्जमा केही चिसोपनाका कुरा निस्के । संस्थाले सम्पर्क, समन्वय र क्षमता अभिवृद्धिमा अझ सहयोग बढाउनुपर्ने महसुस भयो भने जिल्ला मञ्चले पनि आन्दोलनको जिम्मेवारीपूर्वक अगुवाई र समन्वय गर्नुपर्ने तथा आर्थिक कारोवार व्यवस्थापनमा प्रभावकारिता र पारदर्शितामा जोड दिनुपर्ने निष्कर्षमा पुगियो । कहिलेकहीँ अनायासै निस्कने चिसोपनाले पनि कमजोरी सच्याउन मद्दत पुग्ने अनुभव स्रोत संस्था २ ले गरायो ।

## यात्राको छुट्टै उपलब्धि

दाङको स्वानसँग केही महिनापहिले सबै अभियानकर्ताले राजीनामा दिएको प्रकरणमा छलफल गरियो । एकातर्फ हरेक संस्थाको स्वायत्त अधिकार रहेको साथै संस्थाको दिगोपनाका नाममा कर्मचारीबाट लेबी सङ्कलन गर्ने गरिएको छ भने अर्कोतर्फ आत्मनिर्भर केन्द्रले लेबी सङ्कलनलाई निषेध गरेको छ । यस्तो अवस्था स्मरण गराएपछि स्वान र आत्मनिर्भर केन्द्रबीच कार्यकर्तासँग संस्थागत कोषका लागि रकम नलिने सहमति भयो ।

**जो लागेका छन्, सवालमा प्रष्ट छन्, अभियानमा प्रतिबद्ध छन् । साथै अर्थिक तथा व्यवस्थापनको काममा क्रमशः सुधार हुँदै गएको छ । संयोजन पनि सन्तोषजनक ।**

**एकातर्फ हरेक संस्थाको स्वायत्त अधिकार रहेको साथै संस्थाको दिगोपनाका नाममा कर्मचारीबाट लेबी सङ्कलन गर्ने गरिएको छ भने अर्कोतर्फ आत्मनिर्भर केन्द्रले लेबी सङ्कलनलाई निषेध गरेको छ ।**

## नियतै कमजोर भएपछि ....

सर्लाहीमा सामुदायिक भवनको निर्माण कार्य सुस्त भएको छ । आर्थिक कारोबारमा सुधार भएको छैन । मञ्चका सबै पदाधिकारी सक्रिय छैनन् । कार्यालय सचिव र पूर्णकालीन कार्यकर्तालाई कामको जिम्मेवारी तथा अख्तियारी दिइएको छैन, जसले गर्दा विश्वस्त हुने ठाउँ देखिँदैन । समग्रमा हेर्दा सर्लाही मञ्चमा प्रक्रिया र नियत दुवैको कमजोरी देखिन्छ। नियतकै कमजोरी भएकाले यसको सुधार आफैंबाट मात्र सम्भव छ । जसका लागि 'पर्ख र हेर' को नीति अबलम्बनबाहेक अर्को विकल्प छैन ।

## सिकाई यात्रा

धेरै सिकाई भयो यो यात्रामा । अधिकांश जिल्ला मञ्चमा सबै पदाधिकारी सक्रिय नहुनु, लागेकालाई जिम्मेवार बनाउन थप पहल चाहिने देखिनु, स्रोत केन्द्र/स्रोत संस्थाका संयोजकको अनुगमन, क्षमता अभिवृद्धिमा सहयोग चाहिनु र वैचारिक क्षमता वृद्धिमा सहयोग हुनुपर्ने जस्ता अवस्था महसुस भयो । त्यस्तै जिल्ला मञ्च र संस्थाबीच देखिएका केही मतान्तर न्युनीकरणका लागि पहल आवश्यक भएको पनि देखियो ।

## 'चिटिक्क' को सोच

धनुषाको लालगढ अस्पतालमा बस्दा फरकखालको रमाइलो अनुभूत भयो । सानो छुट्टै घर । दुईवटा बेडरुम । बैठक कोठा । भान्छा । बाथरुम । अनि भान्छामा चिया, दूध, कफी आदिको व्यवस्था । यो देखेपछि आत्मनिर्भर सेवा केन्द्रले पनि सबै विकास क्षेत्र तथा काठमाडौंमा भूमि अध्ययन तथा स्रोत केन्द्र यस्तै बनाउनुपर्छ भन्ने लागेको छ । थाहा छैन, यो इच्छा पूरा हुन्छ कि हुन्न । तर मनभरि त्यहीँको वातावरण भने झल्झल्ती आइरह्यो फर्कंदा पनि । भूमिघरबाट सुरु भएको यो आधा महिने यात्रा २६ गते सकियो भूमिघरै भित्रेपछि । जहाँ सधैंझैं भूमि अधिकार यात्रा जारी नै थियो । ■

# भूमिमाथि श्रमिक र महिलाको पहुँच बढाऊ : अन्तर्राष्ट्रिय भूमि सञ्जाल

## एसिया ल्याण्ड फोरम २०११

अन्तर्राष्ट्रिय भूमि सञ्जाल, एसिया भूमि फोरमले अब माल्दिभ्समा हुँदै गरेको सार्क सम्मेलनले भूमिमा महिलाको स्वामित्व बढाउने दिशामा जोड दिनुपर्ने माग अघि सारेको छ। उसले खाद्य सुरक्षा, उत्पादनमा वृद्धि जस्ता पक्ष सुदृढ गराउन भूमिमा महिलाको नियन्त्रण आवश्यक ठानेको हो।

काठमाडौंमा सम्पन्न फोरमको दुई दिने सम्मेलनले घोषणापत्र जारी गर्दै यस्तो माग उठाएको हो। १३ देशका ६० भन्दा बढी प्रतिनिधि सम्मिलित सम्मेलनले विश्वका ५१ प्रतिशत गरिब मानिस दक्षिण एसियामा बस्ने दाबी गर्दै त्यसमा पनि ग्रामीण क्षेत्रका महिला, गाउँले श्रमिक, बँधुवा मजदुर, भूमिहीन र रैथाने तथा दलित गरिबीबाट पिल्सिरहेको उल्लेख गरेको छ। यही कारण उनीहरुलाई उकास्न भूमिमा पहुँच आवश्यक भएको भनाई पनि उनीहरुको छ।

फोरममा भूमिमा महिलाको पहुँच बढाउनका निम्ति उपलब्ध चुनौती र अवसर, ठूला र व्यावसायिक खेतीका लागि जग्गा प्राप्ति, सुशासन र अर्थ राजनीति, जलवायु परिवर्तन र खाद्य सुरक्षामा परेको प्रभाव, भूमि सुधार र भूमि प्रशासन आदि विषयमा सवालगत कार्यसत्र आयोजना गरिएको थियो।

एसियाका विभिन्न देशमा भएका भूमि अधिकारसम्बन्धी सङ्घर्षको जग बलियो बनाउँदै भूमिको दोहन, व्यापारीकरण, जलवायु परिवर्तन र खाद्य असुरक्षाको चुनौतीसँग लड्ने रणनीति निर्माण गर्ने उद्देश्यले कात्तिक ३ र ४ गते एसिया




ल्याण्ड फोरम २०११ नामक यो कार्यक्रम काठमाडौंमा भएको थियो।

अन्तर्राष्ट्रिय भूमि सञ्जाल (आइएलसी), एसियन गैससको सञ्जाल (एड्गक), भूमि सुधार तथा व्यवस्था मन्त्रालय र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रद्वारा आयोजित सम्मेलनले जारी गरेको घोषणापत्रले केही विवादास्पद र विभेदकारी कानुनले भूमिमाथि महिलाको समान अधिकार स्थापित हुन नसकेको पनि उल्लेख गरेको छ। कृषि र खाद्य सुरक्षाका लागि महिलालाई उत्पादकका रुपमा स्वीकार गर्ने वातावरण तयार गर्नुपर्ने जोड पनि उसको छ।

साथै कार्यक्रममा भूमिलगायत्का प्राकृतिक स्रोतमा गरिबको नियन्त्रण हुनुपर्ने विषयमा जोड दिइएको थियो। त्यस्तै बढ्दो खाद्य अभाव र भोकको मुद्दालाई समाधान गर्न वास्तविक किसानको अधिनत्वमा जमिन हुने स्थिति नबनाइए विश्व झन् जटिलतातिर फस्ने निष्कर्ष पनि निकालिएको छ।

उनीहरुले आइएलओ १६९, सिड जस्ता स्वीकार गरिसकेका सम्झौता, महासन्धि आदिको प्रभावकारी कार्यान्वयनमा सार्क देशहरुका प्रमुखले ध्यान दिनुपर्ने आवाज पनि उठाएका छन्। जसले खासगरी महिलाको आर्थिक, सामाजिक र आर्थिक पक्षमात्र नभई लैंगिक समानतामा पनि सकारात्मक प्रभाव पार्ने बताइएको छ। यसको कार्यान्वयनमा देखिएको कठिनाईले उनीहरु पछि परेको भन्दै सम्मेलनले सार्क सम्मेलनका बेला राष्ट्र प्रमुखहरुले यसबारे सोच्नुपर्ने सुझाव पनि दिएको छ।

कार्यक्रम उद्घाटनका क्रममा उपप्रधान मन्त्री नारायणकाजी श्रेष्ठले वैज्ञानिक र क्रान्तिकारी भूमि सुधारविना कृषिमा आधारित मुलुकको सामाजिक र आर्थिक परिवर्तन सम्भव नभएको बताएका थिए। त्यसैगरी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले आर्थिक परिवर्तनका लागि भूमि सुधार अत्यावश्यक भएको धारणा राखेका थिए।

कार्यक्रममा फिलिफिन्स, भियतनाम, इण्डोनेसिया र पाकिस्तानका उच्च सरकारी अधिकारीको उपस्थिति थियो। नेपालबाट पनि भूमि सुधार तथा व्यवस्था मन्त्रालयका उच्च पदाधिकारीको सहभागिता थियो। ■

**सहस्राब्दी विकास लक्ष्यले सन् २०१५ सम्ममा विश्वमा भोकमरीको सङ्ख्या आधा घटाउने उल्लेख गरेको छ तर अहिलेको अवस्था हेर्दा यो लक्ष्य प्राप्ति सम्भव देखिन्न ।**



# भोकमरीको जालो



■ रघुनाथ लामिछाने

छिमेकी मुलुक भारतमा ८४ करोड मानिस पर्याप्त पोषणयुक्त खानाबिना बाँचिरहेका छन् । यसमध्ये ७७ करोड मानिस प्रतिदिन २० रुपियाँले गुजारा धान्न बाध्य छन् । एकातर्फ एन्टिलिया नामक विश्वकै सबैभन्दा महङ्गो घर मुकेश अम्बानीले बनाएका छन् भने अर्कोतर्फ लाखौं मानिस यही देशमा पुलमुनि रात बिताउन विवश छन् ।

खाद्य विज्ञहरुका अनुसार एक परिवारको वार्षिक गुजाराका लागि कम्तिमा पनि ५६ किलोग्राम अनाज, ५ किलोग्राम दाल, ४ लिटर तेल आवश्यक पर्छ । तर पर्याप्त खाद्यान्न नभएकै कारण भारतमा कुपोषणका रोगीहरुको सङ्ख्या प्रत्येक दिन बढ्दो छ । कृषि उपभोक्ता मामला तथा सार्वजनिक वितरण राज्य मन्त्रीले समेत लोकसभामा भोकमरीविरुद्धका तमाम प्रयासलाई चुनौती दिँदै भारतमा धेरै मानिस यही कारण मरेका बताउनुले भारतमा भोकमरीको भयाबह समस्या पुष्टि गर्छ । उनले भारतमा यसरी मर्नेको सङ्ख्या पाकिस्तान, नेपाल र श्रीलङ्काभन्दा पनि बढी रहेको जानकारीसमेत दिएका थिए । पछिल्ला ३ वर्ष भोकमरी समस्याले भारतलाई बढी नै सताएको उनले नै स्वीकार गरेका थिए ।

इन्टरनेशनल फुड पोलिसी रिसर्च इन्स्टिच्युटले पनि भारतमा छिमेकीहरुको तुलनामा भोकमरी बढी नै रहेको देखाएको छ । सन् २०१० को अक्टोबरमा यसले सार्वजनिक गरेको भोक सूचकअनुसार भारतमा यो अङ्क २४.१ छ जबकि भोकमरी सूचक चीनमा ६, नेपालमा २०, पाकिस्तानमा १९.१ र श्रीलङ्कामा १४.५ छ । यही कारण ५ वर्षमुनिका बालबालिका कुपोषणबाट ग्रस्त भई मर्ने क्रम बढेको पनि यो संस्थाले जनाएको छ ।

पछिल्लो वर्ष भोकमरी जमातको सङ्ख्या १० प्रतिशतले कम भएको तथ्याङ्क पनि सार्वजनिक भएको छ । तर पनि कुपोषणकै कारण हरेक ६ सेकेण्डमा एक बच्चाको मृत्यु हुने गरेको छ । संयुक्त राष्ट्र सङ्घ, खाद्य एवम् कृषि सङ्गठन र विश्व खाद्य कार्यक्रमको एक प्रतिवेदनअनुसार एक अर्ब २ करोड भोकमरीपीडितको तुलनामा पछिल्लो वर्ष साँढे १० करोड घटेर ९२ लाख ५० हजारमा झऱ्यो । उनीहरुका अनुसार विश्वका भोकमरीपीडितमध्ये दुई तिहाई जनसङ्ख्या भारत, बङ्गलादेश, चीन तथा कङ्गो, इथोपिया, इण्डोनेसिया र पाकिस्तानमा बस्छन् ।

सहस्राब्दी विकास लक्ष्यले सन् २०१५ सम्ममा विश्वमा भोकमरीको सङ्ख्या आधा घटाउने उल्लेख गरेको छ तर अहिलेको अवस्था हेर्दा यो लक्ष्य प्राप्ति सम्भव देखिन्न । तथ्याङ्कहरु यो सम्भव नहुनेमा दृढ देखिएका छन् । संयुक्त राष्ट्र सङ्घले पनि यसतर्फ विश्वका सम्बन्धित देशलाई सचेत गराइरहेको छ । एक अध्ययनअनुसार पर्याप्त खानाको अभावमा आइलाग्ने कुपोषणबाट एसियाका बालकक्षामा पढ्ने अधिकांश बालबालिका प्रभावित छन् ।

भारतीय केन्द्रीय ब्याङ्कले सन् २०११ मा पनि खाद्यान्न तथा इन्धनको मूल्य वृद्धि उच्च नै रहने बताएबाट यहाँ खाद्यान्न सहज हुने अवस्था देखिन्न । लगातारको मुद्रास्फीति दरका कारण भारतीय रिजर्भ ब्याङ्कले यस्तो दाबी गरेको हो । भारतमा खासगरी सागपात, फलफूल र प्रोटिनयुक्त खाद्य सामग्रीको भाउ बढ्ने क्रम जारी छ । भारतमा खाद्यान्न अभावकै कारण फलफूलको मूल्य गत वर्षको तुलनामा २३.६० प्रतिशतले बढेको छ भने अन्डा, मासु र माछाको मूल्य १३.२१ प्रतिशतले बढेको छ । दूध भने ६.६३ प्रतिशतले बढ्यो । यसैगरी दलहन, चामल र गहुँको मूल्य क्रमशः

४.४५, २.७५ र २.१५ प्रतिशतका दरले बढेको थियो। यसले भारतमा खाद्यान्नमाथि गरिब जनताको पहुँच झन् झन् कम हुँदै गइरहेको प्रष्ट्याउँछ।

भोकमरीग्रस्त मुलुकमा भारत एक्लो छैन। केही समयअघिमात्र सोमालियाको राजधानी मोगादिसुमा भोकमरीका कारण २२ बालबालिकाको मृत्यु नै भयो। संयुक्त राष्ट्र सङ्घका सोमालिया प्रतिनिधिले सुरक्षा परिषद्मा दिएका जानकारीअनुसार पाँच वर्षमुनिका १० हजार बच्चा भोकमरीग्रस्त क्षेत्रमा छन् र उनीहरु भोकसँग कडा मुकाविला गरिरहेका छन्। हरेक एघार हप्तामा यस्ता १० प्रतिशत बालबालिकाको मृत्यु हुने गरेको छ।

सोमालियाको यो अभावग्रस्त क्षेत्रका जनता खानाको खोजीका लागि १७ देखि ३० किलोमिटरको दूरीसम्म पुग्न बाध्य छन्। सोमालिया, केन्या र इथोपियामा मात्र १ करोड १८ लाख भोकमरीपीडित छन्, जसमध्ये सबैभन्दा दर्दनाक स्थिति सोमालियामा छ। भोकमरीबाट बच्नैका लागि सोमालियाका एक चौथाई मानिस विस्थापित भएको जानकारी पनि सङ्घले दिएको छ। यो देशलाई विभिन्न मुलुकले खाद्यान्न सहायता त दिएका छन्, तर त्यो पर्याप्त भने छैन। चार महिनाभित्र उचित खाद्यान्न सहयोग भएन भने सोमालियाका साँढे सात लाख मानिस भोकमरीकै कारण मर्ने चेतावनी संयुक्त राष्ट्र सङ्घले नै दिएको छ। जसको एक महिना बित्नै लागेको छ।

चामलको भण्डारका रुपमा चिनिने भियतनाममा समेत अभावको असर परेको छ। यो देशले चामलको निर्यात मूल्य १४ प्रतिशतले बढाएको छ। इण्डोनेसियाले सम्भावित भोकमरीबाट बच्न आफ्नो खाद्यान्न भण्डार बढाउने उद्देश्यले थप माग गरेपछि भियतनामले यस्तो उपाय अपनाएको हो। इण्डोनेसियाले थाइल्याण्डबाटसमेत ठूलो परिमाणमा चामल किनिरहेको छ। उसले टेण्डरद्वारा तथा वार्ताका माध्यमबाट पनि चामल खरिद गरिरहेको छ। फिलिपिन्स र मलेसियाले पनि चामलको माग बढाइरहेका छन्।

विश्वमा भोकमरी, गरिबी तथा कुपोषणको चपेटामा परिरहेका देशहरुको सङ्ख्या बढ्दो छ। यसरी खाद्यान्न अपुग हुने देशमध्ये नेपाल १ सय ५४ औं स्थानमा पर्छ। नेपालमा यति नै जना भोकमरीबाट ग्रस्त छन् भने एकिन तथ्याङ्क कतै नभए पनि यो सङ्ख्या दिनानुदिन बढ्दो छ। विश्व खाद्य सङ्गठनका अनुसार सन् २०१७ सम्ममा गहुँको मूल्यमा ६० र खाने तेलमा ८० प्रतिशतसम्म वृद्धि हुनेछ। यस्तो अवस्थामा खाद्यान्नमा गरिबको पहुँच झनै कमजोर हुनेमा शङ्का छैन। सन् २००५ देखि २००७ सम्ममा गहुँ, मकै र तेलजन्य पदार्थको मूल्य दोब्बर भएको थियो। जसको सबैभन्दा बढी मार गरिब जनताले बेहोरेका थिए। ■



# खाद्य सङ्कट सामना गर्ने केही उपाय

संयुक्त राष्ट्र सङ्घका खाद्य अधिकारसम्बन्धी विशेष प्रतिनिधि ओलिभियर डे सुटरले खाद्य सङ्कटको सामना गर्न केही उपाय सुझाएका छन्। उनका अनुसार सबैभन्दा पहिले विश्वका धनी राष्ट्रहरुले खाद्य सङ्कटबाट गुज्रिरहेका देशहरुलाई खाद्यान्नमा आत्मनिर्भर हुन सहयोग गर्नुपर्छ। जुन देशमा घरेलु आपूर्ति पर्याप्त छ, त्यहाँ विदेशी उत्पादकहरुलाई तिनका उत्पादन थुपार्नबाट रोक्नुपर्छ।

त्यसैगरी उनले खाद्यान्न सञ्चिति स्थापना गर्नुपर्नेमा पनि जोड दिएका छन्। यसबाट व्यापारीहरुको सट्टेबाजीलाई प्रतिरोध गर्न सकिने उनको भनाई छ। यसरी नै उनले दिएको अर्को सुझावमा वित्तीय सट्टेबाजी नियन्त्रण गर्ने छ। एक पटक सामाजिक सुरक्षा सञ्जाल स्थापना गरियो भने तिनीहरु अन्ततः आर्थिकरुपले धान्न नसकिने हुन्छन् भन्ने गरिब देशहरुको चिन्ता छ। त्यही कारण अन्तर्राष्ट्रिय समुदायले एउटा विश्वव्यापी पुनर्बीमा संयन्त्रमार्फत् उनीहरुको यस्तो चिन्ता निराकरण गर्नुपर्ने सुझाव पनि सुटरले दिएका छन्।

किसानका संस्थाहरुलाई टेवा दिनुपर्ने सुझाव पनि उनले दिएका छन्। अधिकांश किसान भोको रहनुको एउटा प्रमुख कारण उनीहरु पर्याप्तरुपले सङ्गठित नरहनु पनि हो भन्ने ठम्याई यिनको छ। त्यसैले सहकारीमार्फत् सहयोग गर्न सके उनीहरुको स्तर सुध्रन सक्ने सुझाव उनले दिएका छन्। र, अर्को सुझावमा उनले भनेका छन् कि भूअधिग्रहण रोकिनुपर्छ। प्रत्येक वर्ष फ्रान्सको क्षेत्रफलभन्दा पनि ठूलो कृषियोग्य क्षेत्रफल विदेशी लगानीकर्ता र सरकारहरुले कब्जा गर्ने जानकारी दिँदै उनले भनेका छन्– भूस्वामित्वसम्बन्धी नियमहरुमा सहमति नहुन्जेल धनी राष्ट्रहरुले त्यस्ता जमिनमा हुने ठूला लगानी रोक्नुपर्छ।

दिगो कृषितर्फको यात्रा पूरा गर्नैपर्ने सुझाव पनि उनको छ। हामीलाई जलवायु परिवर्तनसँग तादात्म्य राख्नेखालका कृषि प्रणाली चाहिने उल्लेख गर्दै उनले यसले मात्र जलवायु परिवर्तनलाई न्युनीकरण गर्न सक्ने बताएका छन्। त्यसैगरी उनले खान पाउने मानव अधिकारको प्रत्याभूतिलाई पनि जोड दिएका छन्। खानेकुराको कमी भएर मानिस भोकै बस्नुपरेको हैन भन्ने दाबी उनको छ। श्रम अधिकारसम्बन्धी सन्धिहरुलाई ग्रामीण क्षेत्रमा लागु गर्नुका साथै तिनको स्वतन्त्र पर्यवेक्षण गरे खान पाउने अधिकार सुनिश्चित गर्न सकिने दाबी पनि उनले गरेका छन्।



# हामीले बनाउन खोजेको सङ्गठन र सामाजिक आन्दोलन



■ विमल फुयाँल

*देसीय निर्देशक, एक्सनएड नेपाल*

**भूमि अधिकार अभियान कुनै विरोध, आक्रोस थप्ने अभियान होइन । यो त नयाँ कुरा सिर्जना गर्ने, नयाँ कुरा निर्माण गर्ने तथा नयाँ नेपाल बनाउने र नयाँ नेपाल सिर्जना गर्ने अभियान हो ।**

भूमि अधिकार अभियान भूमिमा आश्रित किसान र भूमिमा आश्रितको न्यायका लागि बोल्नेहरुको मात्र हैन। न यो कुनै समुदाय वा वर्गका विरुद्धमा नै छ। यो अभियान नेपाललाई उन्नत बनाउनका लागि तथा नेपालको गरिबी हटाएर प्रगति प्राप्त गर्नमा केन्द्रित छ। पहिलो काठमाडौंको सम्मेलन र दोस्रो दाङको सम्मेलनले विभिन्न सवाल उठाएका थिए। तसर्थ यसपालीको सम्मेलनमा ध्यान दिनुपर्ने, सान्दर्भिक र महत्वपूर्ण कुरा राख्नेछु।

नेपालमा भूमिसम्बन्धी अध्ययन तथा अनुसन्धान आयोगको तथ्याङ्कले झण्डै १० लाख परिवार भूमि अधिकारकाट पीडित र सुकुम्बासी देखाएको थियो। अहिले १४ लाखभन्दा बढी परिवार भूमि अधिकारबाट पीडित देखाइएको छ। यो भूमि अधिकार अभियानले केही व्यक्ति, समुदाय र जिल्लाभन्दा पनि नेपालको झण्डै १ करोड जनसङ्ख्या (जो पीडित अवस्थामा छन्) का लागि विवश स्थितिबाट मुक्त गराउने अभियान चाल्नुपर्छ। कानुनीरुपबाटै न्याय पाउने अवस्था यसले सिर्जना गर्नुपर्छ। जसबाट १ करोड पीडितमात्र लाभान्वित हुन्नन्। यसले नेपालको प्रगतिशील राष्ट्रवादको चिनारी फर्काउनेछ। किनकि भूमि अधिकार अभियान नयाँ नेपाल सिर्जना गर्ने अभियान हो। यो नेपाललाई गरिब र अविकसित राष्ट्रबाट धनी र विकसित राष्ट्र बनाउनेखालको अभियान हो।

यो अभियानलाई नेपालभित्र र सम्मेलनमार्फत् पनि अझ ठूलो स्तरमा उठाउनुपरेको छ। किनभने भूमि सुधार तथा भूमि अधिकारको कुरा गर्नेबित्तिकै जानेर वा नजानेर जङ्गल मास्ने जस्ता गलत आरोप भूमि अधिकार अभियानलाई लाग्ने गरेको छ। तसर्थ ५० जिल्लामा क्रियाशील मञ्चहरुको महत्वपूर्ण भूमिका भनेको यो अभियान हो। मञ्चको कार्य जग्गा पाउनुपर्छ भन्ने अभियानमा मात्र सीमित छैन। यो त मुलुकको नयाँ पहिचान बनाउनुपर्छ भन्ने अभियानसँग जोडिएको छ, जसमा स्पष्ट भएर लाग्न जरुरी छ। यो सन्देशलाई राजनीतिक दल, विभिन्न सङ्घ/संस्थालगायत् सञ्चार माध्यममार्फत् फैलाउन सक्नुपर्छ। अहिले पत्रपत्रिकाले लोकतन्त्र, राज्य पुनर्संरचनाको सवाल तथा द्वन्द्व रुपान्तरणलाई महत्व दिएर शान्ति प्रक्रिया प्राप्त गर्ने अभियानमा सघाइरहेका छन्। भूमि सुधार तथा भूमि अधिकारको कुरा लोकतन्त्र बलियो बनाउने प्रक्रियासँग जोडिएको छ। त्यस्तै द्वन्द्व रुपान्तरण गर्ने, शान्ति प्राप्त गर्ने कुरा भूमि व्यवस्थापन, भूमि अधिकार व्यवस्थापन तथा शान्ति स्थापित गर्ने प्रक्रियासँग जोडिएको छ।

राष्ट्रिय संरचनाले भूमि व्यवस्था स्थापित गर्ने र सवाल उठाउने काम गर्नुपर्छ। भूमि अधिकारको सवाल सम्बोधन तथा समाधान हुनेगरी सङ्घीयताको बहस अगाडि बढाउनुपर्छ। भूमि अधिकारको कुरालाई अहिले चलिरहेका राजनीतिक बहस, सामाजिक अन्तर्क्रियाका सवाल र प्रत्येक सवालसँग जोडेर कसरी राज्यले उठाउँछ भन्ने कुरा सुक्ष्म तरिकाले हेर्नुपर्छ। भूमि अधिकार अभियान कुनै विरोध, आक्रोस थप्ने अभियान होइन। यो त नयाँ कुरा सिर्जना गर्ने, नयाँ कुरा निर्माण गर्ने तथा नयाँ नेपाल बनाउने र नयाँ नेपाल सिर्जना गर्ने अभियान हो।

दाङको सम्मेलनपछि अरु सामाजिक आन्दोलन जस्तै भूमिका विषयमा पनि गम्भीर तरिकाले छलफल सुरु भएको छ। यसले महिला पुरुष समतामूलक ढङ्गले बाँच्न पाउनुपर्ने, महिलालाई पनि सामाजिक, राजनीतिक, आर्थिक हिसावले मजबुत बनाउनुपर्ने रयसका लागि भूमिमा महिलाको अधिकार सुनिश्चित हुनुपर्ने वकालत पनि गरेको छ। भूमि अधिकारको आन्दोलन



भनेको महिला अधिकारको आन्दोलन पनि हो । भूमि अधिकार प्राप्त गर्ने कुरा अहिले चलिरहेको सामाजिक आन्दोलनसँग जोडिएको छ । भूमिको कुरा लोकतन्त्रसँग जोडिएको छ । पहिलेको तुलनामा राजनीतिक तथा नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायले भूमिको समस्या देखिरहेका छन् । भूमिमा केही गर्नुपर्छ भनेर बुझेका छन् तर नेपालको भूमि अधिकार आन्दोलन वा भूमि सुधारको खाका यस्तो हुनुपर्छ भन्नेबारेचाहिँ थुप्रै भ्रम छन् । यसमा गलत बुझाई पनि छन् । खासमा कस्तो किसिमको भूमि व्यवस्थापन हुनुपर्छ भन्नेमा चाहिँ कतिपय संस्था, व्यक्ति अगुवासमेत स्पष्ट छैनन् । भूमिको समस्या छ भनेर भाषण गर्ने तर समस्या कसरी समाधान हुन सक्छ भन्नेबारे सैद्धान्तिक र दार्शनिक उत्तर भने नभएको अवस्था छ ।

क्रान्तिकारी भूमि सुधार तथा वैज्ञानिक भूमि सुधार हुनुपर्‍यो भनेर सवालचाहिँ उठिरहेका छन् । तर दाङ सम्मेलनका अनुसार भूमि अधिकार मञ्चको महत्वपूर्ण भूमिका भूमिको सवाललाई छलफलमा ल्याउनेमात्र होइन । भूमि अधिकार आन्दोलन जुन क्षेत्र, गाविसमा फैलिएको छ, त्यहाँको भूमि समस्याको परिवेश विश्लेषण प्रष्टसँग अगाडि ल्याउनुपर्छ । भूमि सुधारको खाका तयार गर्ने काम भूमि अधिकार मञ्चको हो भन्ने थियो ।

यो सम्मेलनबाट धनुषामा कस्तो किसिमको भूमि व्यवस्थापन हुनुपर्छ भन्ने खाका आउनुपर्छ । यहाँ भूमि अधिकारबाट पीडित को छन् भन्ने थाहा हुनुपर्छ । एकातिर मञ्चले पीडा तथा समस्याको विषयलाई उठाउनुपर्छ अर्कोतिर भूमि सुधारको खाका स्पष्ट पार्दै लैजानुपर्छ । उदाहरणका लागि धनुषाको भूमि सुधार यस्तो हुनुपर्छ भनेर यस जिल्लामा क्रियाशील सबै राजनीतिक दल, गैसस र यो जिल्लामा सहयोग पुर्‍याउँदै आएका समुदायलाई स्पष्ट पार्नुपर्छ । यसमा संवाद तथा छलफलको वातावरण बनाउन मञ्चको भूमिका महत्वपूर्ण हुन्छ ।

एक नमुना अभ्यासका रुपमा दाङको हेकुली गाविस देखापरेको छ । गाविसभरका भूमिहीनको तथ्याङ्क सङ्कलन गर्ने काम यसले थालेको छ । यस्तो अभ्यासलाई बिस्तार गर्न सकियो भने भूमिसम्बन्धी आधिकारिक सूचना प्राप्त हुन्छ । भूमि अधिकार मञ्चले ल्याएको सूचना भरपर्दो हुन्छ भन्ने पार्न सक्नुपर्छ । भूमि अधिकार मञ्चको काम समयअनुसारको जुलुस, धर्ना, अभियान, घेराउ गर्नेमात्र होइन । भूमिसम्बन्धी आधिकारिक सूचना तथा स्रोतसँग जोडिएको पीडितको महत्वपूर्ण सूचना पनि मञ्चबाट उपलब्ध हुन सक्छ ।

निर्वाचनबाट कार्यसमिति तथा केन्द्रीय समिति बनेको छ । केन्द्रीय समितिले गाउँ तहको इकाईमा पनि भूमिको परिवेशमा बढीभन्दा बढी सूचना सङ्कलन गरेर भूमिसम्बन्धी सवाल उठान गर्नुपर्छ । सबै जना अबको अभियानमा भूमिसम्बन्धी ज्ञानलाई गहिरो पार्दै अगाडि बढ्नुपर्छ । सुरक्षित घरबास सबैलाई र किसानलाई जग्गाको कुरा महत्वपूर्ण छ । जो कृषिमा आश्रित छ, उसले आफ्नो जमिन व्यवस्थापन गर्न पाउने अधिकारसहितको जग्गा चाहिन्छ । जसले जग्गाको व्यवस्थापन गरेको छ, जसले जमिन जोतेको छ तथा हेरचाह गरेको छ, त्यसमा उक्त परिवार र समुदायको अधिकार हुनुपर्छ भन्ने धेरै महत्वपूर्ण विषय यहाँ उठेको छ । यो महत्वपूर्ण पक्ष प्राप्त गर्नका लागि २ किसिमको अभियान मञ्चलाई जरुरी छ । जसअन्तर्गत भूमि अधिकार मञ्चले समुदाय, समाज, गाउँ, जिल्ला र मुलुकभर गर्ने अभियानमा हामीले लैजाने विषय, सवाल के हो भन्ने प्रष्टसँग राख्नुपर्छ ।

अभियानको अर्को महत्वपूर्ण पक्ष भनेको भूमि अधिकार मञ्चका प्रत्येक इकाई तथा सदस्य सबैलाई सवल र सक्षम बनाउनुपर्छ । भोलि हामीले जस्तो किसिमको व्यवहार खोजेका छौं, त्यस्तो किसिमको व्यवहार भूमि अधिकार मञ्चभित्र आफैं पनि अभ्यास गर्नुपर्‍यो । मञ्चले आन्तरिक सशक्तीकरण, आन्तरिक सुदृढीकरणका साथै मञ्चका प्रत्येक इकाईमा लोकतान्त्रिक व्यवहारका साथै समावेशीकरणका कुरा कसरी स्थापित गर्ने भन्नेबारे सबै लाग्न जरुरी छ । सामाजिक आन्दोलनको असल पक्ष भनेको समाजमा पीडामा रहेको, थिचिएको र अधिकारबिहीनको न्यायको सवाल उठाइएको हुन्छ । यो एउटा सवल पक्ष हो । अहिले दाँजेर हेर्दा भूमि अधिकार मञ्चको आन्दोलन महत्वपूर्ण सामाजिक आन्दोलनका रुपमा विकास भइरहेको छ । तर हामीले नेपालमा भएको र अन्तर्राष्ट्रिय स्तरमा भएको आन्दोलनबाट सिक्नुपर्छ ।

हामीले सिक्ने प्रक्रियामा सामाजिक आन्दोलनका सफल पक्ष र बिलाएका सामाजिक आन्दोलनबारे ध्यान दिनु जरुरी छ । किनभने जनसङ्गठनमा सङ्गठनभन्दा बढी व्यक्ति हावी भएर जाने पनि देखिएको छ । समूहभन्दा नेता बढी सशक्त हुँदै जाने समस्या पनि देखापरेका छन् । व्यक्तिले उठाएका कुरा सङ्गठनभित्र नै लागु नहुने जस्ता समस्या पनि मध्यनजर गर्न जरुरी छ । आन्दोलनलाई लोकतान्त्रिक, समावेशी बनाई भूमि आन्दोलनभित्र आएका सवाल सम्बोधन गर्न सक्नुपर्छ । यसो हुन सके अगाडि भएका थुप्रै सामाजिक आन्दोलनभन्दा यसले नयाँ कुरा अगाडि ल्याउनेछ ।

सम्मेलनबाट स्थापित भइसकेको सवाल नेपालका सम्पूर्ण निकाय, नागरिक समाज, राजनीतिक दल, सञ्चार माध्यम तथा राष्ट्रिय समुदायबीच अझ सशक्त ढङ्गले लैजान सक्नुपर्छ । भूमि अधिकार किन चाहिन्छ र कस्तो हुन्छ भन्ने कुरा भूमि अधिकार मञ्चका प्रत्येक सदस्यले स्पष्ट पार्न सक्ने वातावरण बनाउनुपर्छ । भूमि अधिकार अभियानमा हामी पनि दक्षता र सीमाअनुसार जे/जति गर्न सकिन्छ, त्यो गर्नेमा विश्वास दिलाउँछौं । ■

*(फुयाँलले जनकपुरमा आयोजित राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको तेस्रो सम्मेलनका क्रममा दिनुभएको मन्तव्यको सम्पादित अंश)*

# पाठकको पातो




## ● मनको कुरा

भूमि अधिकार बुलेटिन वर्ष ९, पुर्णाङ्क २५, असार २०६८ मा प्रकाशित अगुवाको लेखाइपढाईबारेको अनुभूति पढ्न पाएँ। यसमा लेखिएअनुसार वास्तवमा हामी आफैं अगुवा जन्माउन सक्छौं। अगुवाको बौद्धिक विकास, नैतिक विकास गराउन जरुरी हुन्छ। र, साथै एउटा महत्वपूर्ण काम भने अगुवालाई परिचालन गर्नु हो।

विद्यालयको पढाई प्राविधिक हो। विद्यालयभन्दा बढी ज्ञान पाउन हामी अभियानकर्मीले भूमि अधिकार बुलेटिन जरुरी पढ्ने बानी बसालौं। किनभने यो बुलेटिनमा थुप्रै अभियानकर्मीको मेहनत परेको छ। यसबाट धैरै फाइदा लिन सकिन्छ। त्यसैले यस्तो अवसर खेर नफालौं।

यो लेखले हामीलाई ज्ञान थपेको छ र काम गर्ने तरिका र उत्साह बढाएको छ। अन्य लेखहरु र अनुभव पनि पढ्नलायक छन्। ती सबैले केही न केही दिमागी खुराक दिएकै छन्। यस्तै यस्तै ज्ञान दिन यो पत्रिका सक्षम भइरहोस् भन्ने शुभकामना पनि दिन चाहन्छु।

**– शिवप्रसाद पासी, बाँके**
अभियानकर्ता

## ● रसुवाले सिकाएको पाठ

भूमि अधिकार बुलेटिन वर्ष ९, पुर्णाङ्क २५ को पृष्ठ १२ का **अन्तत : बिर्ता जग्गा रैकर भयो** भन्ने सफलताको कथा पढें। जुन असाध्यै मन पऱ्यो। हाम्रा पूर्खाले गर्दै आएको मेहनतको फल खाने दिन आएको छ। रसुवाका बासिन्दाले जङ्गललाई उब्जाउयुक्त जमिनमा परिणत गरे। जसमा कम मेहनत लागेन। त्यहाँका बासिन्दाले आफ्नो रगत पसिना बगाई ती जमिन उब्जाउयुक्त बनाउन सफल भएका थिए। तर बिस्तारै समय बित्दै जाँदा जग्गा मालिकको गिद्धे आँखा ती जमिनमा लाग्न थाल्यो र ती मेहनती किसानलाई भू-स्वामित्वबाट निकाला गरिदिए। जसबाट ती किसानले भन्नै नसकिने दुःख, पीडा, अभाव भोगे।

तर जब विक्रम संवत् २०३५/०३६ सालमा किसानले भू-स्वामित्व माग गरे, त्यो माग पूरा भएन। त्यही कारण पीडित किसान पछि पुनः आन्दोलनमा उत्रे। समय त लाग्यो तर ती आन्दोलनमा लगाएको समय भने खेर गएन। पुस्ता त बिते र अर्को पुस्ताको पनि उमेरले साथ छोड्यो र कमजोर भए, त्यतिखेर पुस्तौंदेखि जोत्दै आएको जग्गामाथि आफ्नो स्वामित्व प्राप्त भयो। जग्गाधनी पुर्जा पाए। बिर्ता जग्गा रैकर हुन पुग्यो। जसबाट उनीहरुको उमेर बढोत्तरी भयो। अर्थात् **ओइलाइसकेको फूलमा पानी परेर फेरि ताजापन आउँछ भनेभन्नै भयो**। आखिरमा किसानले बगाएको पसिनाले थोपाथोपा गरी नदी बनाई जमिन सिंचेर मीठो फल उब्जायो।

यो कथाले हामीलाई बढी जाँगर दिएको छ। यसबाट के थाहा हुन्छ भने हामीले गरेको मेहनत कहिल्यै असफल हुन्न। समय लाग्छ तर मेहनतको फल एकन एक दिन पक्कै खान पाइन्छ। हामीले गरेको आन्दोलनबाट पनि मैदानमा उत्रेका भूमिपीडित, गरिब घरपरिवारको मुहारमा एक दिन पक्कै हाँसो जाग्नेछ। रसुवाबासी किसान दाजुभाइ, दिदीबहिनीको सफलताले सिकाएको पाठ यही हो।

**– रुही बानो, बाँके**
अभियानकर्ता

### सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस्। छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउनेछन्। तपाईंले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो।

पठाउने ठेगाना : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र,
भूमिघर, धापासी, फोन नं. : ४३६०४८६, ४३५७००५
फ्याक्स : ४३५७०३३, पो.ब.नं. : १९७९०
ईमेल : landrights@csrcnepal.org